Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २०, २०७९ साल मंसिर २७ गते मंगलबार (Dec 13, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# नेपाल देश कस्ले कसरी चलाउछ ?


- निर्वाचनको परिणाम आउन नपाउदै विदेशी चलखेल तिव्र
- देशमा आर्थिक संकट चुलिदो
- स्थाई सरकार बन्ने सम्भावना क्षिण
- त्रिपक्षिय शक्तिको क्रिडास्थल बन्दै देश

**मोहन कार्की**

नेपालमा यतिवेला देशभरीबाट प्रतिनिधिसभामा प्रत्यक्ष १६५ र समानुपातिक तर्फ ११० जना निर्वाचित भईसकेका छन् । तर समानुपातिक सुचीको सीमा भने मंगलावार बेलुकासम्म नाम सच्याउने समय दिएको निर्वाचन आयोगले बताएको छ । निर्वाचन आयोगले सार्वजानिक नगरुन्जेलसम्म आधिकारिक नहुने हुदा समानुपातिक प्रतिनिधि सदस्यको आधिकारिकता नभएको हो ।

यहि समयमा निर्वाचनको परिणाम आउन नपाउदै विभिन्न शक्ति केन्द्रका राजदुतहरुले राजनीतिक भेटघाट थालिसकेको समाचार आईसकेका छन् । जसमा सवैभन्दा अगाडी भारतीय राजदुतले राजनीतिक भेटघाट थालेका छन् । उनले नेपालका प्रधानमन्त्रीसँग भेटघाट गरेका छन् । त्यसैगरी अमेरिकी राजदुतले स्वतन्त्र उम्मेद्वारी दियर निर्वाचनमा अत्याधिक मत ल्याई विजयी भएका काठमाडौ महानगरपालिकाका मेयर बालेन्द्र शाहलाई भेटघाट गरेको सामाजिक सञ्जाल र केही मिडियामा समेत आाईसकेको छ । चिनिया राजदुतले पनि भित्री रुपमा विभिन्न राजनीतिक पार्टीका नेताहरुलाई भेटघाट गरेको सामाजिक सञ्जाल र समाचार आएका छन् । तर चिनिया राजदुतले भेटघाट गरेको सूचना भने पुष्टि भएको छैन ।

नेपाल देश नेपाली जनताको सर्वभौम अधिकार प्रयोग गर्न पाउदैन भन्ने संकेत पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले देशको साचो त अन्तै रहेछ भन्ने सार्वजानिक अभिव्यक्ति दिएका थिय । उनले कुनै आधार भेटे होलान् र त्यो अभिव्यक्ति दिएका होलान् । हो पनि रहेछ भन्ने भाव आवधिक २०७९ मंसिर ४ गते भएको निर्वाचन, निर्वाचनका वेला प्रयोग भएको संयन्त्र, संयन्त्र राज्यको निकायको अङगहरु जस्तै नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, नेपाली सेना, कर्मचरी र पार्टीका कार्यकर्ता तिनै कार्यकर्ता संयन्त्र प्रयोग गरी वलजफ्ती गरिएको निर्वाचन स्वतन्त्र निष्पक्ष नभएको इलाम जिल्लाका उम्मेद्वार तथा पुर्व प्रधानमन्त्री झलनाथ खनालले समेत आरोप लगाएका छन् । कतिपय पाहाडी जिल्लाहरुमा अत्यन्त न्युन जनसंख्या कुल जनसंख्याको निरन्तर स्थाई बसोवास गर्ने जनसंख्या २० प्रतिशतको हाराहारी मात्र छ । निर्वाचनका वेला विदेश वा शहरमा बसोबास गएका मतदाताको नाममा समेत मत अरुले नै जसले हुलहज्जत गर्न सक्यो त्यसैले ति स्थानीय रुपमा बसोबास गर्नेहरुलाई अल्पमतमा पार्नेगरी मत हालेर स्वतन्त्र, निष्पक्ष, निर्वाचनलाई प्रभावित त पारिएकै थियो । जसमा जुनसुकै पार्टीको उम्मेद्धारहोस त्यो विदेशी योजनामा काम गर्ने यस म्यान अर्थात हस बहादुरहरुले जित्ने तर जुनसुकै पार्टीका किन नहुन तर आफ्नौ देश, बनाउन आत्मनिर्भर हुन, योजना पस्कन सक्ने क्षमता राख्ने राष्टूवादी, देशभक्त, शिक्षित, जनपक्षिय उम्मेद्धारहरुले काही कतै जितेनन् । त्यहा संघ, संगठनका नाममा विदेशी हुइम मच्चायर संगठन नामको सेन्डिकेट पुऱ्याइएको थियो । अनुहार नेपाली नागरिता नेपाली भएपनि दास मनोबृति भएका विदेशी योजनामा काम गर्ने कतिपय जानेर कतिपय नजानेर त्यो नेपाललाई सिक्किमीकरणको शैलीमा संख्या पुऱ्याउन सदनमा जान आतुर यसम्यान र हस बहादुरहरुलाई समाजले नचाहेको तर विदेशी शक्तिको आडमा नेपालको राज्य संयन्त्र प्रयोग गरेर जितेकाहरु पुगेका छन् । तिनैलाई संरक्षण गर्न र तिनको बहुमत पुऱ्यायर नेपालको भविष्य संकटमा पार्नका लागि काम गरिएको रहेछ भन्ने पुष्टि राजदुतहरुको चलखेलले देखाउन थालेको छ । त्यसैको परिणाम निर्वाचन नतिजा एकमुष्ठ सार्वजानिक हुन नपाउदै विदेशी शक्ति राष्टूहरुको बाँकी ६ पृष्ठमा




# सरकार बिरुद्ध उत्रियो नाडा

काठमाडौ । सरकार र नेपाल राष्ट्र बैंकबाट विभिन्न समयमा जारी भएका नीतिहरूका सन्दर्भमा सम्बन्धित निकायहरुमा विभिन्न चरणमा औपचारीक तथा अनौपचारिक भेटघाट गर्दै समस्याको समाधानको लागि अनुरोध गरिए पनि कुनै सुनुवाई नभएको भन्दै नाडा अटोमोवाईल्स एशोसिएसन अफ नेपालले विरोधका कार्यक्रम आगाडी सारेको छ ।

उसले भनेको छ । सरकार र नेपाल राष्ट्र बैंकको अमैत्रीपूर्ण नीतिहरुको विरुद्धमा दवाव सिर्जना गर्न यस एशोसिएशनले यही २०७९ मङ्सिर २२ गते माइतिघर मण्डेलामा विहान ११ बजे देखि २ बजेसम्म धर्ना कार्यक्रम सम्पन्न गरेको थियो । उक्तधर्ना कार्यक्रममा नाडाका अध्यक्ष ध्रुवथापाले सरकारको अमैत्रीपूर्ण नीतिका कारण व्यवसायीहरुले भोग्नु परिरहेको पीडा र समस्याहरु बारे चर्चा गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघका प्रतिनिधिहरुले समेत आन्दोलनप्रति एक्येवद्धता जनाउदै आ आफनो धारणा व्यक्त गर्नु भएको थियो ।

त्यसैगरी सो धर्ना कार्यक्रममा नेपाल हेवी इक्यूपमेण्टस व्यवसायी संघ, नेपाल अटोमेकानिक्स व्यवसायी संघका प्रतिनिधिहरुले समेत सो धर्ना कार्यक्रमप्रति एक्येवद्धता जनाउदै आआफनो धारणा व्यक्त गर्नु भएको थियो । करिव एक हजारको संख्यामा उपस्थित भएका व्यवसायीहरुले सो धर्ना कार्यक्रममा कालो लुगा र कालो पट्टी लगाएर विभिन्न नाराहरु लेखिएका पम्पलेटहरु बोकी विरोध जनाएका थिए । उक्तधर्ना कार्यक्रममा सार्वजनिक यातायात केन्द्रीय महासंघ, लगायत नेपाल टिपर तथा ट्रक व्यवसायी समिति तथा नेपाल रिकण्डीसन व्यवसायी संघले समेत व्यानर सहित एक्येवद्धता जनाएका थिए । उक्तधर्ना कार्यक्रममा सार्वजनिक यातायात केन्द्रीय महासंघका अध्यक्ष डोलनाथ खनालले नाडाको कार्यक्रममा एक्येवद्धता जनाउदै नाडाले गर्ने बाँकी ६ पृष्ठमा




# गोरखामा पृथ्वीनारायण शाहको शालिक राखिने


गोरखा । गोरखा नगरपालिकाले सदरमुकामको पुरानो बजार ठूलोआँगनको बीच भागमा पृथ्वीनारायण शाहको शालिक राखिने भएको छ । गोरखा नगरपालिकाको आर्थिक सहयोग र नेपाली सेनाको अगुवाइ र अवधारणा अनुसार ठूलो आँगनको बीच भागमा पृथ्वीनारायण शाहको ७ फिट ३ इन्च अग्लो पूर्ण कदको शालिक बनाउने तयारी छ । शालिकसँगै नेपालको नक्सा अंकित मोनोग्राम र नेपालको झण्डा पनि राख्न २१ लाख रुपैयाँ लाग्ने नगरपालिकाको अनुमान छ । शालिक निर्माणपछि प्रत्येक दिन पृथ्वीनारायण शाहकालीन पोशाक तथा हतियारमा नेपाली सेनाको शार्दुलजंग गुल्मको ११ जनाको टोलीले 'राष्ट्र निर्माता सलामी' अर्पण गर्ने नेपाली सेनाको रिपुमर्दन गणका गणपति बाँकी ६ पृष्ठमा

# सनिगाड हाइड्रो लिमिटेडको साधारण शेयर निष्काशन सम्झौता

काठमाडौं । रजिष्टर्ड कार्यालय धोवीघाट, ललितपुर रही बझाङ जिल्लामा आयोजना क्षेत्र रहेको श्री सनिगाड हाइड्रो लिमिटेडको सर्वसाधारण हरुको लागि निष्काशन गरिने रु.१००/– अकिंत दरको साधारण शेयर ६७,५०,००० 




कित्ता (आयोजना प्रभावित क्षेत्रका स्थानियवासी, नेपाल सरकारको सम्बन्धित नियकाबाट श्रम स्वीकृति लिई विदेशमा रोजगारी गरिरहेका नेपाल नागरिकहरु तथा सर्वसाधारण समेत) का लागि निष्काशन गर्न श्री बाँकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### विश्वकप फुटवलमा नेपालीको लगाव देखिए जस्तै खेलकुदमा नीतिगत परिवर्तन देखियोस्

यतिवेला विश्वका शक्तिशाली राष्ट्र र कमजोर राष्ट्र भएपनि फुटवल राम्रो खेल्ने देशहरु कतारको राजधानी दोहामा फुटवलको माध्यमवाट विश्वलाई चिनाई राखेका छन् । त्यस फुटवल ग्रउन बनाउन नेपालीहरु धेरैले त्यहाँ रोजगार पाउनुका साथै कतिपयले त्यस ग्रउनहरु बनाउन रोजगारको शिलशिलमा कतारमा काम गर्ने बेलामा ज्यान समेत गुमाएका छन् । त्यसैगरी नेपालमा फुटवलका दर्शकहरु धेरै रहेका छन् । राति अबेरसम्म सानादेखि ठुलासम्मले फुटवल हेरेर मज्जा लिने गरेका छन् ।

यता नेपालको फुटवल टिमले दशिण एसियामा समेत फस्ट हुन र कप जिल्न दशकौ कुर्नुपर्छ । एसियन गेम जित्न र विश्वकप खेल्ने सपना नेपालको फुटवल टिमले सपना देख्न सकन्छन् । नेपालका फुटवल प्रेमीहरुले चहाना राख्न सक्छन् । तर पुरा गर्ने चै कहिले हो यकिन गर्न सकिदैन ।

असम्भव संसारमा केही छैन । यो स्वर्गीय नेपोलियन वोर्नापाटको भनाई हो । असम्भवलाई सम्भव बनाउनको लागि त्यसलाई चाहिने आधार तयार गर्नुपर्छ । त्यो काम नेपालको सरकार मातहतको खेलकुद मन्त्रालयले गर्ने गर्छ । त्यही खेलकुद मन्त्रालयको मातहतमा राष्ट्रिय खेलकुद परिषद त्यही खेलकुद परिषदको मातहतमा देशभरीका खेलकुदसँग सम्बन्धित निकायहरु रहेका हुन्छन् । ति खेलकुदसँग सम्बन्धित निकायहरुले विगतमा गरेका काम तिनले बनाएका योजनाले लक्ष्य भेटाएका छैनन् । त्यो आधारलाई हेर्दा नेपालको खेलकुद आशालाग्दो अवस्थावाट अगाडी गएको छैन । विगतको तुलनामा केही शुधारहरु भएपनि समग्रमा परिवर्तन ल्याउने र संरचनागतमा अन्तराष्ट्रिय अभ्यास गर्ने खालका योजना अझै देखिएका छैनन् । फुटवलको क्षेत्रमा त कतिपय ठाउँहरुमा फुटवल मैदानको निर्माण समेत भएका छैनन् ।

फुटवल ग्राउन निर्माण गर्न आवश्यक बजेट, फुटवल खेलप्रति सम्भावना बोकेका युवाहरु, स-साना अवस्थादेखि नै फुटवल खेलेर नाम कमाउछु भनि लगाव भएकाहरुलाई गाउँ गाउँमा प्रशिक्षण, त्यसवाट उत्कृष्ट खेलाडीहरुको स्वस्थ प्रतिस्पर्धा त्यही स्वस्थ प्रतिस्पर्धावाट उत्कृष्ट छान्ने जस्ता कामहरु केही कतै अलि अलि गरेका भएपनि समग्रमा परिणाम आउने गरी नीतिगत परिवर्तन भएको देखिदैन ।

संसारमा परिवर्तन नीतिले वदल्ने हो । नेपालमा नीतिगत केही झन्झटिला समस्याका कारण हरेक क्षेत्रमा मानिसहरु आजित छन् । त्यस्तै खेलकुद क्षेत्रमा पनि त्यस्तै झन्झटिला पट्यार लाग्दा नीतिका कारण ब्यवहारमा खेलाडीहरु वेला वेलामा निरास भइराखेका छन् ।

हुनत नेपालीहरु सबै जना खेलकुद प्रति उत्साहित छन् । सबैका सबै उत्कृष्ट हुदैनन् । उत्कृष्ट जो हुन्छ तिनिहरुले नै देशको नेतृत्व गरेर खेल खेलेर देशको प्रतिष्ठा बढाउने काम गर्छन् । ति निरासा हुने वातावरण बन्न नदिन र नीतिगत खेलकुदमा सुधार ल्याउन खेलकुदमा आमुल परिवर्तन गर्न सक्नुपर्छ । त्यसका लागि खेलकुद बुझेको अनुभवि संसदलाई खेलकुद मन्त्रालयको जिम्मेवारीमा ल्याउनुपर्छ । जवसम्म विषय विज्ञ मन्त्रालयहरुमा आउदैन । हरेक क्षेत्रमा यस्ता खालका समस्या आउछन् ।

त्यसैले खेलकुद क्षेत्रमा जनताहरुमा उठेको उत्साहलाई नीतिगत रुपमा सम्बोधन गरेर नेपालले पनि फुटवलमा विश्वकप खेल्ने सपना देख्ने योजना र सपनालाई ढिलो चाडो पुरा गर्ने नीति ल्याओस् ।

# निर्वाचनको स्पष्ट सन्देश र प्रत्यक्ष मतादेश

श्यामप्रसाद मैनाली

प्रारम्भ

आवधिक निर्वाचनले लोकतन्त्रमा निखार ल्याउँछ भनिन्छ । हाम्रा लोकतन्त्र प्राप्ति पश्चात यस्ता निर्वाचनले विकृति र विसंगति मात्र थप्दै गयो । लोकतान्त्रिक प्रणालीका कमजोर पात्रले गर्दा नेपाली लोकतन्त्रको रसास्वादन दलका नेताहरू र सीमित कार्यकर्ताले मात्र गरेको आलोचना भइरहेको छ । जनता अत्यन्त सचेत देखिए । सबै दललाई पटक पटक साँच्चिने अवसर दिए । आफैंले संघर्ष गरी ल्याएको लोकतन्त्रलाई सक्किन नदिन धेरै प्रयास गरे । सबै दललाई अब अरू दलबाट निराश भएकाले आशा र भरोसा पृथक दललाई पालैपालो गर्न पुगे । तर, दलहरू सच्चिएनन् । २०४६ सालबाट धेरैपटक नेपाली कांग्रेसलाई अवसर दिए । एमालेले २०५१ साल र २०७४ सालमा ठूलो विश्वास जनताबाट प्राप्त गऱ्यो ।

२०६४ सालमा माओवादी दललाई द्वन्द्वका समयमा दिएका नाराहरू र १७ हजार नेपालीको इहलिला समाप्त पार्ने वातावरण निर्माण गरेकामा त्यसको उपादेयता प्रमाणित गर्न अवसर प्रदान गरे । तर, कुनै पनि दलले आफूलाई जनताले गरेका विश्वासअनुसार जवाफदेहिता निर्वाह गर्न सकेनन् । संसदीय लोकतन्त्रको प्राणवायु वा जीवनरेखा भनेकै राजनीतिक दलहरू हुन् । दलीय व्यवस्थाका आधारमा लोकतन्त्रको संस्थागत विकास भएको देख्ने उत्कृष्ट अभिलाषा जनताले राखे । तर, अपेक्षित परिणाम प्राप्त गर्न सकेनन् । लोकतन्त्रको संस्थागत विकास गर्न तत्पररहेका जनताले अब विकल्पका रूपमा अन्य विश्वसनीय राजनीतिक शक्तिको परीक्षा लिन खोजेका छन् । दलहरू सच्चिन नसक्दा यस निर्वाचनले केही स्पष्ट मतादेश र सन्देश नेपालका राजनीतिज्ञलाई प्रवाह गरेको छ ।

**यस्तो छ मतादेश र सन्देश**

शासकीय शैलीबाट आजित नेपाली मतदाताले यस निर्वाचनमार्फत केही स्पष्ट मतादेश दिएका छन् । नेपालमा अब नातावाद, कृपावाद, परिवारवाद, दलवाद, समूहवाद सबै अस्वीकृत भएका छन् । दलहरूले श्रीमान श्रीमतीलगायत आफ्ना केटी साथीहरूसहित संसद छिर्न चाहदा निर्वाचन परिणामले यस्ता घटिया राजनीतिलाई अस्वीकृत गरिदिएको छ । आफ्नो राजनीति समाप्त गर्नेहरूले मात्र यस प्रवृत्तिलाई निरन्तरता दिनेछन् । जनतालाई आफ्नै पेवा सोचेर अभिमान पाल्नेहरू अब जनताले पाखा लगाउनेछन् । केही अपवादलाई छाडेर धेरै जना जनतालाई आफ्नै इसारामा नचाउने दिवास्वप्न पाल्नेहरूले पराजित हुनुपरेको छ । सत्तालोलुपहरूलाई अब साना साना दलसँग मिली रोइलो गरेर सत्तामा पुग्न सक्ने अवस्था बनेको छ । यी ठूला दललाई साना साना दलको निर्देशन अनुसार कार्य गर्नुपर्ने स्थिति छ । अनुभवबिहीन युवाहरू यदि पथभ्रष्ट बनेमा उनीहरू छिट्टै राजनीतिक परिवेशबाट पलायन हुनेछन् । लोकतन्त्रको आफूअनुकूल व्याख्या गर्दै धज्जी उडाउनेलाई हरेक राजनीतिक मोडमा ऊर्जाशील युवासँग मुकाबिला गर्नुपर्ने अवस्था छ । अल्पमतमा रहेका युवाहरूसँग सहकार्य र समझदारी गरेर राजनीति अघि बढाउन दिशानिर्देश भएको छ । दलका नेता र तीनका स्वार्थलोलुप झुन्डको भड्किलो व्यवहार देश होइन । नेताको देवत्वकरण गर्दै स्वार्थ सिद्ध गर्ने र सीमित केही गुणस्तरहीन समूहको समर्थन र देवत्वकरणबाट आत्मरतिमा मुग्धहुन छाडी वास्तविक धरातलमा आधारित भएर राजनीति जनताका सर्वतोमुखी भलाइमा केन्द्रित गर्नु जरुरी छ । राष्ट्रिय स्वार्थलाई परित्याग गरी समूहगत स्वार्थमा लिप्त हुँदा देशले भोगिरहेको पीडालाई स्मरण गर्दै सबै दलहरू र राजनीतिज्ञ राष्ट्रिय स्वार्थका सन्दर्भमा एकताबद्ध हुने संस्कारको विकास अत्यावश्यक छ । अबको राजनीति बौद्धिक र ऊर्जाशील शक्तिलाई पलायन गराउने र यसैमा गौरव गर्ने मूर्खतालाई बदल्न प्रतिबद्ध हुनु समयको माग छ । खर्चिलो निर्वाचन र राजनीतिलाई व्यवसाय र लगानीका रूपमा ग्रहण नगर्न सचेत गराएको छ, किनकि अत्यन्त कम स्रोतसाधन भएका सत्पात्रले निर्वाचन जितेका छन् । अत्यन्त सम्मानजनक मत प्राप्त गरेका छन् । रकमकै बलमा राजनीति गर्ने प्रवृत्तिलाई बिस्तारै अस्वीकृत गर्ने परम्पराको थालनी भएको छ । भागबन्डाको राजनीतिले सर्वसाधारण जनताको हित गर्न सक्दैन । सीमित नेताको स्वार्थसिद्ध गर्ने माध्यम मात्र महत्वपूर्ण सार्वजनिक पदको भागबन्डा हुने गर्दछ । हालसम्म योग्य व्यक्तिलाई यस्ता पदमा आसीन गराउने गणितीय हिसाबमा मात्र सीमित हुने प्रवृत्तिले राजनीति अभ्यस्त छ । यसमा सुधार गर्नु नितान्त जरुरी छ । राजनीतिक अस्थिरताका कारक, पद, प्रतिष्ठा र स्रोतसाधनका सदाबहार भोका राजनीतिक पात्रको राजनीतिक हैसियतलाई मतदाताले संकुचित बनाई दिएकाले यस प्रकारका अभ्यस्ततालाई परित्याग गर्नु श्रेयस्कर हुनेछ । अपवित्र अप्राकृतिक गठबन्धनलाई परित्याग गर्ने शुभसल्लाह मतदाताको रहेको छ । स्वतन्त्र र स्वाभिमानी जनताले आफ्नो स्वविवेकमा निर्णय दिने गरेको स्पष्ट देखिएको छ । गठबन्धनका नेताले दिएको आदेशको अवहेलना सार्वभौम नागरिकले सहजै गरेका छन् । पटक पटक रोइलो गर्नुपर्ने अवस्थाबाट राजनीति गर्नेहरूमा सुधार अत्यावश्यक छ । राजनीतिमा चुनावी तालमेल र निर्वाचनपश्चात सरकार मिलिजुली बनाउने संस्कारलाई विश्वले आवश्यकतानुसार अवलम्बन गरिआएका छन् । राजनीतिक सिद्धान्त र आस्था अनुसारका चुनावी घोषणापत्रहरू लाई छनोट गरी मतदान गर्न मतदाताले पाउनुपर्छ । राजनीति त्याग र तपस्यासहितको राष्ट्रसेवा हो ।

लामो अग्निपरीक्षामा पारंगत भई सकेपश्चात् जनविश्वास आर्जन गर्न सकिन्छ । राजनीतिक यात्रा अत्यन्त अल्प अवधिको तय गरेका र जनतालाई आतंकित बनाएर राजनीतिक अस्तित्वमा आउनेहरू बोइलर कुखुरा जस्तै हुन्, चाडै हुर्किन्छन् र नासिन्छन् । अविरल राजनीतिक यात्रा गर्नेहरू जनताका नजरमा ओझेलमा पर्न सक्दछन् । त्यसैले हालका अस्तित्वमा आएका स्वतन्त्र दल र स्वतन्त्र उम्मेदवारलगायत अल्प अवधिमा प्राकृतिक तवरले जनताको मत छिन्न सफल हुने दलले जनताका पक्षमा त्याग र तपस्या गर्नसक्नु पर्दछ । घमण्ड असफलताको द्योतक हो । दुईतिहाइ नजिकको आरामदायी सरकार आफ्नै स्वभावका कारण गुमाउन पुगेका एमालेका सदाबहार कलाकाररुपी शीर्षथ नेताको घमण्ड चकनाचुर भएको छ । एमाले दल मतदाताको घेराबन्दीमा परेको देखियो । ठूला र शक्ति सम्पन्न मन्त्रालयहरू हाँक्ने केही मन्त्रीहरू, पूर्व प्रधानमन्त्री, राजनीतिक दलमा प्रभावशाली देखिएका अध्यक्ष, उपाध्यक्ष, महामन्त्री एवं पदाधिकारीहरू निर्वाचनमा जनताका निसानामा परे । जनतालाई आतंकित बनाउने दललाई सानो आकारमा सीमित गरिदिए । श्रीमती र श्रीमान संसद छिर्न खोज्ने, बुहारीलगायतका पारिवारिक सदस्यलाई सदैव शक्तिमा पुऱ्याउने दिवास्वप्न भंग भएको छ ।

देशभर पार्टी संगठन भएका, दलको सञ्जाल विस्तार गरेका, लाखौंलाख पूर्णकालीन सदस्य भएका दलका नेतालाई पाँच जना स्वतन्त्रले नराम्ररी थला पारिदिएका छन् । यी स्वतन्त्रहरू र स्वतन्त्र पार्टीका प्रतिस्पर्धीहरूलाई मतदाताले चिनेको अवस्था थिएन । प्रायः यी उम्मेदवार र यिनीहरूलाई टिकट दिने राष्ट्रिय स्वतन्त्र दलका अध्यक्षले समेत आफ्नै दलका उम्मेदवारलाई नचिनेको अवस्था छ । यसबाट शासकीय शैलीले कुन हदसम्म सरकारमा रहनेप्रतिको तीव्र वितृष्णा मतदातामा रहेको विषयलाई स्पस्ट पारेको छ । स्थानीय निर्वाचनमा ७१ प्रतिशत मतदान भएकोमा यस निर्वाचनमा ६१ प्रतिशत मात्र भएको छ । स्थानीय तहको निर्वाचनमा दलले प्राप्त गरेको मतलाई संसदीय निर्वाचनमा सुरक्षित राख्न सकेनन् । ३३ प्रतिशत महिला प्रतिनिधिसभामा हुनैपर्ने संवैधानिक प्रावधान रहेकोमा उम्मेदवार अत्यन्त थोरैलाई बनाइयो । प्रतिस्पर्धीहरू जम्मा आठ जना मात्र अथवा करिब पाँच प्रतिशत विजयी बनेका छन् । बाँकी संख्या समानुपातिकबाट पूर्ति गर्नुपर्ने अवस्था छ । यसबाट पनि दलले आगामी राजनीतिक यात्रा गम्भीरतापूर्वक गर्नुपर्ने अवस्था छ । यस निर्वाचनमा अस्तित्वमा रहेका मधेसी दलरुपी बोइलरलाई सीके राउतले नेतृत्व गरेको जनमत दलले विस्थापित गरिदिएको छ । मधेसी मागको सम्बोधन गराउने नाराका आधारमा निर्वाचनमा विजयी बन्नेहरू सत्तामा मात्र लुछाचुडी गर्ने र परिवारवादलाई हदैसम्म प्रश्रय दिई मधेसी जनताले उनीहरूमा समेत सच्चिन पर्ने दबाइ दिई मधेसीलाई आफ्नै पेवा ठान्नेहरूको लज्जास्पद पराजय मतदाताले गरिदिएका छन् । पुराना दलमा समेत युवाहरू मतदाताको छनोटमा परेका छन् । स्वतन्त्रहरूको अतिरिक्त राप्रपाले पनि आफ्नो अस्तित्व राष्ट्रिय राजनीतिमा कायम गर्न सफल भएको छ । यी दलका नारा आकर्षक भएकै कारण अस्थिर राजनीति गर्दै आएका अवसरवादी चरित्रका नवप्रवेसीहरू, अनुभवविहीनहरू, गैरजिम्मेवार अभिव्यक्ति दिँदै मतदाता आकर्षित गर्नेहरू केही विजयी भएका छन् । इतिहास हेर्दा यस दललाई मतदाताले सदैव संकार गरेका छन् । बदनाम महापञ्चलाई सर्वमान्य मान्दै अघि बढेको यस दलको राजनीतिलाई स्थापित गराउँदै लैजाने सन्दर्भ अत्यन्त कठिन छ । यस अर्थमा यस दलको राजनीतिक यात्रा लोप नहुने तर गति पनि लिन नसक्ने अवस्थाबाट गुज्रिने चर्चाहरू राजनीतिक पण्डितका बीच हुन थालेको छ ।

**सारांश**

संसद त्रिशंकु छ । राजनीतिक अस्थिरताले देशलाई फेरि त्रसित बनाएको छ । मध्यावधि निर्वाचनमा देश धकेलिने सम्भावनाको विश्लेषण सघन रूपमा हुँदै छ । यसो भएमा देशमा ठूलो भ्रष्टाचार निर्वाचनलाई लक्षित गरी हुने र राष्ट्रिय ढुकुटीको पटकपटक अपव्यय हुनेछ । हालसम्मका राजनीतिमा एकछत्र आधिपत्य जमाउनेहरू र नवआगन्तुक विशेषगरी युवाहरूको समिश्रण छ । घुम्ने मेचमा आसीन भई रजगज गर्ने, भागशान्ति गर्नेगरी दोहोरिएका पद सोपानक्रमलाई युवाशक्तिले चुनौती थपिदिएका छन् । राष्ट्रिय स्वतन्त्र दलले शान्तिपूर्ण क्रान्ति सफल हुने अवस्थाको स्मरण गराएको छ । वैकल्पिक राजनीतिक शक्तिको अनुभूति गराउने प्रयास रविन्द्र मिश्रदेखि बाबुरामसम्मले गराउन खोज्दा जनताले विश्वाश गर्न सकेनन् । बामनायकले पाँच वर्षसम्म गरेको नाटक मञ्चनबाट पनि मतदाताहरू आजित बनेका थिए ।

पदभारका लागि सपथ लिनु, सोहीअनुसारको कर्तव्य निर्वाह गर्नु र बदि्लँदो जनमतको कदर गर्नु पृथक विषय हुन् । यसलाई दलका नेताहरूले आत्मसात गर्न सकेनन् चाहेनन् । कार्यपालिका प्रभावकारी हुनै सकेन, सरकारी कार्य सम्पन्न गर्न प्रणालीविपरीत परिचालित हुनुपर्ने अवस्था सिर्जना भयो । न्यायपालिकामा न्यायका लागि प्रस्तुत हुँदै गर्दा दलका पिछलग्गु कार्यकर्तासँग जम्काभेट हुने परिस्थिति निर्माण भयो । यसैलाई लोकतन्त्र मानेर मतदाताले सन्तुष्टि लिन सकेनन् । अहिलेको निर्वाचनमा देखिएको असन्तुष्टि यिनै विकृतिका उपजका परिणाम हुन् ।

विशेषगरी विकसित क्षेत्रका आक्रोसित मतदाता दलका उम्मेदवारका मिठास र आश्वासनमा समेटिएनन् । मतदाताहरू खरिद गर्ने कतिपय प्रयासहरू पनि जनताले निस्तेज बनाइदिए । यस निर्वाचनमा कोही निर्वाचन हारेर पनि जिते, धेरै संख्याका उम्मेदवारहरू निर्वाचन हारेर पराजित भए, केही निर्वाचन जितेर पनि पराजित भएका छन् । थोरै अपवादमा निर्वाचन जितेर बिजयी बनेका छन् ।

यस अवस्थामा पनि गत निर्वाचनको तुलनामा योपटकको चुनाव निष्पक्ष, शान्तिपूर्ण र सफल रह्यो । वर्तमान सरकार यसका लागि धन्यवादको पात्र छ । स्थानीय निर्वाचन र यस निर्वाचनमा प्रधानमन्त्रीको नेतृत्व सफल देखियो । अब राजनीतिले केही सुधारका कार्यहरूलाई शीघ्र प्रारम्भ गर्नुपर्छ । संसदमा उपस्थिति दिएका सबै दल र संसदका बीच केही साझा एजेन्डामा मतैक्यता हुनु जरुरी छ । देशमा व्याप्त भ्रष्टाचारलाई नियन्त्रण गर्नेगरी कानुनीलगायतका प्रक्रियाहरू अवलम्बन गरिनुपर्छ । जुनसुकै पदमा आसीन हुनेहरूलाई भ्रष्टाचारमा छानबिन गरी कारबाही गर्न पाउने गरी अधिकार प्राप्त निकायलाई स्वतन्त्रता दिइनुपर्छ । निर्वाचनमा देखिएको असन्तुष्टिलाई सम्बोधन गर्न निषेध मतको व्यवस्था गर्नु जरुरी छ । मतदान गर्दिन भन्ने अधिकार जनतालाई दिनुपर्छ । सबै क्लस्टरबाट प्रतिनिधित्व हुनेगरी पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवैतर्फ उम्मेदवारी दिने व्यवस्था संविधानमै मिलाउनुपर्छ । दुईपटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था गर्नु जरुरी छ । निर्वाचित प्रतिनिधिले जनमतको उपेक्षा हुनेगरी कार्य गरेमा बीचैमा प्रत्याह्वान गर्न सक्नेगरी कानुनी व्यवस्था गर्नु जरुरी छ । निर्वाचनमा पराजित भएकालाई राष्ट्रपति र उपराष्ट्रपति पदमा निषेध गर्नु पर्दछ, यो जनमतको कदर हो । एकै परिवारबाट एकभन्दा बढीको उपस्थिति संसदमा गराइनु हुँदैन । वैदेशिक रोजगारीमा गएका र राष्ट्रसेवाका क्रममा विदेशमा रहेकालाई मताधिकार सुनिश्चित हुनुपर्छ । अब पुनः राजनीतिक अस्थिरताको आमन्त्रण गर्न विशुद्ध अंकगणितीय खेल प्रारम्भ हुनेछ । यसमा सबै दलकाबीच मतैक्यता गरी मेरिटका आधारमा सरकारी कार्यको विरोध र समर्थन गर्ने उच्च राजनीतिक संस्कारको प्रारम्भ गरिनुपर्छ । यस सम्बन्धमा केही देशका उदाहरणबाट पाठ सिक्नसक्नु पर्दछ । क्यानाडामा पुरै चार वर्षसम्म अल्पमतको सरकार सबैभन्दा ठूलो दलले सञ्चालन गर्ने वातावरण बनेको थियो । सन् १९९० को दशकमा भारतमा नरसिंह रावको नेतृत्वको मिलिजुली सरकार पुरै पाँच वर्ष चलेको थियो । अटलबिहारी वाजपायीको सरकारमा १५ दल सम्मिलित थिए । पाँच वर्ष चलेको थियो । यसका लागि मिलिजुली संस्कृतिको विकास हुनु जरुरी छ । अन्यथा सार्वभौम जनताले अहिलेको निर्वाचनमा आफ्नो राजनीतिक भविष्य सुरक्षित राख्ने गरी आफ्नै छोरीलाई गठबन्धनको उम्मेदवार बनाएकोमा मतदाताले परास्त गरिदिएको ताजा घटनाको स्मरण गर्नुपर्छ । जनताको निर्णय योभन्दा कठोर हुन सक्दछ । साँच्चिने वा सक्किने हो दलका राजनीतिक सोच र निर्णयमा निर्भर गर्दछ । राजधानी दैनिक

# देशले धान्न नसक्ने निर्वाचन खर्च

**डा. टीकाराम पोखरेल**

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको छ । तर, निर्वाचनमा कति खर्च भयो, त्यसको अन्तिम हिसाबकिताब आउन बाँकी छ । यसअगाडि वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगबाट ८ अर्ब १५ करोड रुपैयाँ खर्च भएको थियो ।

स्थानीय तहको निर्वाचनमा ६ अर्ब ७८ करोड रुपैयाँ सुरक्षामा खर्च भएको थियो । हालै मंसिर ४ मा सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि सुरक्षामा मात्र १० अर्ब बढी खर्च हुन सक्ने अनुमान छ । २०७४ मा निर्वाचन हुँदा २० अर्ब खर्च भएकोमा सुरक्षामा मात्र १० अर्ब खर्च भएको थियो ।

राजनीतिक व्यवस्थाहरूमध्ये लोकतन्त्र महँगो व्यवस्था हो । लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण काम नै निर्वाचन हो । महँगो भयो भनेर लोकतन्त्र मास्न पनि भएन, तर लोकतन्त्रका सबै क्रियाकलापमा मितव्ययी भने हुनैपर्छ ।

हरेक पटकका पछिल्ला निर्वाचनहरूमा खर्च बढेको देखिन्छ । त्यसमा पनि निर्वाचन सुरक्षाको खर्च निकै अकासिँदो छ । म्यादी प्रहरी लिनुपरेका कारण पनि सुरक्षा खर्च बढेको हुन सक्छ । यद्यपि जुनसुकै कारणबाट खर्च बढेको भए तापनि निर्वाचन देशले धान्न नसक्ने गरी महँगो हुँदै गएकोमा भने दुईमत छैन । यसले गर्दा देशको विकास निर्माणको बजेटमा कटौती भएर ठूलो घाटा बेहोर्नुपर्ने अवस्था छ ।

मंसिर ४ को निर्वाचनमा २४ अर्ब ११ करोड खर्च हुने अनुमान गरिएको थियो । सुरक्षा निकायले १६ अर्ब खर्च हुने अनुमान गरे पनि अर्थमन्त्रालयले सुरक्षाका लागि ८ अर्ब ८२ करोड २१ लाख रुपैयाँ खर्च गर्ने सहमति दिएको छ । म्यादी प्रहरीका लागि मात्रै ५ अर्ब ८६ करोड ३९ लाख रुपैयाँ खर्च हुने सुरक्षा निकायको अनुमान छ । अर्थमन्त्रालयले निर्वाचन आयोगलाई १० अर्ब र सुरक्षातर्फ ८ अर्ब ८२ करोड २१ लाख गरी १८ अर्ब ८२ करोड २१ लाख रुपैयाँ खर्च गर्न सहमति दिएको छ । तर, निर्वाचनमा योभन्दा बढी खर्च भएको हुन सक्छ ।

प्रत्येक पछिल्ला निर्वाचनमा सुरक्षा खर्चको अनुपात बढिरहेको छ । एउटै वर्षमा दुईवटा निर्वाचन हुँदा यस वर्ष राज्यलाई अझ बढी आर्थिक भार पर्नेछ । विकास निर्माणमा लगाउनुपर्ने बजेट निर्वाचनका लागि छुट्ट्याउनुपर्दा विकास निर्माण तथा परियोजनामा असर पर्नेछ । निर्वाचनमा सुरक्षा चुनौती बढेको भन्दै सुरक्षा निकायले सकेसम्म बढी बजेट माग गरेको देखिन्छ । तर, नेपालमा सुरक्षामा त्यस्तो चुनौती आजसम्म देखिएको छैन । सुरक्षा चुनौतीको नाममा ठूलो धनराशि मात्र खर्च भएको छ ।

निर्वाचनमा अहिलेसम्मको अनुमानित र विनियोजित अंक यो भए पनि निर्वाचनमा निर्वाचन आयोग र सुरक्षा निकायले ठ्याक्कै कति कति खर्च गरे, त्यसको हिसाबकिताब त सम्बन्धित निकायले पनि अभिलेख गरेका छन् र महालेखाले पनि निकाल्ला । तर, निर्वाचनमा अभिलेख भएको खर्चको अनुपातमा अभिलेख नभएको खर्च धेरै ठूलो छ, जुन खर्चले चाहिँ देशलाई अर्थिक भासमा डुबाउँछ । हरेक पाँच वर्षमा आवधिक निर्वाचन हुन्छ । प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको तीनवटा निर्वाचन पाँच-पाँच वर्षमा छुट्टाछुट्टै गर्ने हो भने औसतमा १.५ वर्षमा एउटा निर्वाचन हुन्छ ।

त्यसमाथि उपनिर्वाचन, प्रत्येक २/२ वर्षमा हुने राष्ट्रियसभाको निर्वाचनजस्ता थप निर्वाचनहरू त निरन्तर गरिरहनुपर्छ । यसरी हेर्दा त कुनै न कुनै निर्वाचन हरेक वर्ष भइ नै रहन्छ । निर्वाचन हुँदा देशको अन्य प्रशासनिक काम ठप्प हुन्छ । त्यसको अप्रत्यक्ष घाटादेखि लिएर कलकारखाना, उद्योग, व्यापार-व्यवसाय, विद्यालय बन्द हुँदाको असर देशको अर्थतन्त्रमा पर्ने नै हुन्छ । सम्पूर्ण देश निर्वाचनको माहौलमा जाँदा एक खालको उत्सवमय अवस्था हुन्छ । उत्सवमा उत्पादनमूलक कार्य बन्द र अनुत्पादनमूलक खर्च बढी हुन्छ ।

निर्वाचनमा राज्यले गर्ने खर्च ठूलो छ नै । यो खर्च देखिने खर्च पनि हो ।

तर, त्योभन्दा पनि सबैभन्दा चिन्ताजनक विषय त उम्मेदवारले चुनावमा गर्ने खर्च हो र जुन खर्च न पारदर्शी छ, न त त्यो खर्च हामीले कल्पना गरेजस्तो लाख वा करोडसम्ममा मात्र सीमित छ । निर्वाचनमा उम्मेदवार बन्दा अपारदर्शी खर्च र तडकभडकले नै प्रस्ट देखाउँछ, त्यो खर्च उम्मेदवारका लागि निर्वाचन आयोगले तोकेको सीमाभित्र छैन ।

निर्वाचन आयोगमा उम्मेदवारले पेस गरेको खर्च विवरण पनि झूटा छ । अपवादमा केहीले खर्च सीमाभित्र गरेको र सही विवरण पेस गरेको हुन सक्छ । तर, आमरूपमा भने स्थिति बिल्कुल फरक छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचन आयोगले निर्वाचनमा गर्ने खर्च लोकतन्त्रका लागि लगानी हो, तर उम्मेदवारले गर्ने खर्च भने अनुत्पादक र फजुल हो भनेका छन् । प्रमुख आयुक्तको भनाइलाई मात्र सापटी लिने हो भने पनि फजुल खर्चको जानकारी निर्वाचन आयोगलाई पनि छ । तर त्यस्तो अपारदर्शी खर्चलाई नियमन र नियन्त्रण गर्ने भरपर्दो र प्रभावकारी संयन्त्र निर्वाचन आयोगसँग पनि छैन ।

निर्वाचन आयोगले खर्चको सीमा तोकिदिएर केही नियन्त्रणको प्रयास नगरेको होइन, खर्चको विवरण बुझाउनुपर्ने प्रावधान राखेर केही पारदर्शी बनाउन खोजेका पनि हो, तर त्यो सीमालाई दलका नेताहरूले मानेका छैनन् । निर्वाचन आयोगले उम्मेदवारले गर्ने निर्वाचन खर्चमा सीमा तोकिदियो । बढी खर्च गर्नेलाई आचारसंहिता लगाएर सीमाभित्र बाँध्ने प्रयास पनि गर्‍यो ।

तथापि निर्वाचन आयोगको आँखा छलेर उम्मेदवारहरूले धेरै ठूलो धनराशि खर्च गरेका छन् । कतिपय उम्मेदवारले खुलमखुला ६ करोडसम्म निर्वाचनमा खर्च गरेको भन्दै निर्वाचन लड्न अब जो पायो त्यहीले नसक्ने सन्देश दिएको भिडियो सार्वजनिक रूपमै देखिएको हो । तर, त्यो चर्चामै सीमित रह्यो ।

राजनीतिक व्यवस्थाहरूमध्ये लोकतन्त्र महँगो व्यवस्था हो । लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण काम नै निर्वाचन हो । महँगो भयो भनेर लोकतन्त्र मास्न पनि भएन, तर लोकतन्त्रका सबै क्रियाकलापमा मितव्ययी भने हुनैपर्छ । मितव्ययी हुन सकेन भने लोकतन्त्रका नकारात्मक बाछिटाहरूले राज्यकोषलाई कंगाल बनाउनेछ र जनतामा लोकतन्त्रप्रति वितृष्णा पैदा हुन्छ ।

निर्वाचनमा उम्मेदवारले गरेको अपारदर्शी खर्चले लोकतन्त्रलाई मजबुत बनाउँदैन । बरु विकृतिलाई मजबुत बनाउँछ । अहिले पनि उम्मेदवारहरूले सामाजिक सञ्जालमा प्रचारप्रसार गर्दा ठूलो विदेशी मुद्रा बाहिरियो । निर्वाचनकै मुखमा निर्वाचन आयोगले नै ६० हजार डलर फेसबुकको सञ्चालक कम्पनी मेटालाई उम्मेदवारहरूले तिरेको तथ्यांक दियो । यो अंक निर्वाचन आयोगले भेटेको तथ्यांक मात्र होला, नभेटेको तथ्यांक पनि निकै ठूलो भएको अनुमान गर्न सकिन्छ । निर्वाचनमा विदेशमा गरिएको अन्य खर्चको हिसाबकिताब बाँकी नै छ ।

निर्वाचनमा अनावश्यक खर्च गर्दा हार्ने उम्मेदवारहरू घरबारविहीन हुन्छन्, जिते निर्वाचनमा गरेको खर्च राज्यको ढुकुटीबाटै असुलउपर गर्ने हुन् । त्यो असुलउपर वैध बाटोबाट सम्भव छैन, उठाउन सक्नेले अवैध र गैरकानुनी ढंगबाटै उठाउने हुन् । राजनीतिक दलले व्यापारीबाट चन्दा लिएका छन् । तर तिनै चन्दा दिएका व्यापारीले भोलि आफूले चन्दा दिएको नेता र पार्टीलाई अवाञ्छित रूपमा प्रयोग गरी पछि कर छली गर्न, अनुचित प्रभावबाट ठेक्कापट्टा हात पार्न र अन्य भनसुनमा आफ्ना काम गराउने गरी असुल्ने हुन् ।

त्यसैले कुनै पनि उम्मेदवारले गरेको फजुल खर्चको भार प्रत्यक्ष/अप्रत्यक्षतः रूपमा अन्तिममा गएर राज्यकोषमा पर्छ । यसले देशलाई कंगाल नबनाएर के समृद्ध बनाउला ? यसरी नर्वाचनमा भएको फजुल खर्चको मूल्य राज्यले चुकाउनुपर्छ । राज्यले चुकाउने भनेको जनताको करको पैसाको दुरुपयोग हो । यो दुरुपयोग रोक्ने सबैभन्दा उत्तम विधि भनेको निर्वाचनको विधिमा परिवर्तन हो ।

निर्वाचनलाई मितव्ययी बनाउने हो भने 'ई-भोटिङ'मा जानुपर्छ । अझ त्यसमा पनि सकिन्छ र सम्भव छ भने 'अनलाइन भोटिङ'मा जान सके त झनै उत्तम हुन्छ । चुनाव प्रचारप्रसारका कामहरूमा स्वदेशी सामान र प्रविधि प्रयोग गर्न सके त्यसले देशको अर्थतन्त्रलाई टेवा पुर्‍याउँछ ।

'सोसल मिडिया' प्रयोग गर्ने, वेबसाइट बनाउने र तडकभडकलाई पूर्णतः बन्देज लगाउने हो भने उम्मेदवारको मात्र होइन, राज्यकोषको समेत बचत हुन्छ ।

लोकतन्त्रमा निर्वाचन भनेको स्वच्छ प्रतिस्पर्धा हो । प्रतिस्पर्धा स्वच्छ गर्ने हो भने कम खर्चमा पनि गर्न सकिन्छ । अस्वस्थ प्रतिस्पर्धा गर्न खोज्दा त्यसलाई स्वच्छ बनाउने नाममा नै अहिले सुरक्षामा ठूलो धनराशि खर्च गर्नुपर्ने हुन्छ । नामावली संकलन, उम्मेदवारी मनोनयन, मतदानदेखि लिएर मतगणना र परिणाम घोषणासम्मका सबै प्रक्रियामा जताततै खर्च मात्र छ । अनि निर्वाचन महँगो हुने नै भयो । महँगो निर्वाचनले देशलाई आर्थिक रूपमा घाइते बनाउने नै भयो । त्यसैले निर्वाचन विधि परिवर्तन नगरी सस्तो सुलभ निर्वाचन सम्भव छैन । निर्वाचनको प्रक्रिया बदलौं, निर्वाचनलाई प्रविधिमैत्री बनाऊँ, जुन मितव्ययी हुन्छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछाप नगरपालिकाद्वारा १६ दिवसीय लैगिङ हिंसा सम्बन्धि कार्यक्रम गरी सम्पन्न

रामेछाप । अन्तर्राष्ट्रिय मानव अधिकार दिबसको दिन र १६ दिवसीय लैङ्गिक हिंसा विरुद्धको समापन कार्यक्रमको अवसरमा रामेछाप नगरपालिकाको



आयोजनामा तथा च्ह्यएध र समाज सेवा जागृति महिला सहकारी साकोसको समन्वयमा कार्यक्रम सम्पन्न भएको छ ।

मंसिर ५ गते नगरपालिजकाकी उप मेयर बाला कुमारी कार्कीको अगुवाईमा संयुक्त दिप प्रज्वल गरी १६ दिवशीय लैगिङक हिंसा विरुद्धको उदघाटन गरि एको थियो । नगरपालिकाका ९ वटै वडामा सडक नाटक,दोहोरी गित,भजनको भाका लगायत विभिन्न भाकामा बिद्यार्थि बहिनीहरुको सन्देश मुलक गितहरु प्रस्तुत गरि मनाइएको थियो । समग्र ९ वटै वडाको प्रस्तुतीवाट उत्कृष्ट बाल कलाकार, महिला, अपाङग लगायतलाई कार्यक्रम समापनको अवसर पारेर सम्मान तथा प्रोत्साहन गरिएको थियो । समापन कार्यक्रमका अध्यक्षता नगर पालिकाका मेयर लवश्री न्यौपानेले गर्नु भयौको थियो र प्रमुख अतिथि जिल्ला समन्वय प्रमुख चिना खड्का कार्कीले गर्नु रहनु भएको थियो । कार्यक्रममा उप प्रमुख बाल कुमारी थापा कार्की ,नगर स्तरका नेपाली काङ्गेस पार्टि,नेकपा ( एमाले) पार्टी,नेकपा (माओबादी केन्द्र),नगर भरिको वडा अध्यक्ष,सञ्चार जगतका प्रतिनिधि लगायत सरकारी तथा गैर सरकारी सघसस्थाहरुको उल्लेख्य मात्रामा उपस्थिति रहेको थियो ।

## खाँडादेवी जेसीजको अध्यक्षमा श्रेष्ठ निर्वाचित

रामेछाप । युवाहरुको नेतृत्व र व्यक्तित्व विकासमा क्रियाशील संस्था खाँडादेवी जेसीज वर्ष २०२३ को अध्यक्षमा विनोद कुमार श्रेष्ठ निर्वाचित भएका छन् । खाँडादेवी जेसीजको माकादुममा सम्पन्न दोस्रो अधिवेशनले अध्यक्षको नेतृत्वमा आगामी एक वर्षको लागि नयाँ नेतृत्व चयन गरेको हो । वर्ष २०२३ को नयाँ समितिको कार्यकारीणी उपाध्यक्षमा रामकुमार श्रेष्ठ र विपिनराज श्रेष्ठ, उपाध्यक्षहरुमा तेजकुमार श्रेष्ठ, मन्दिरा श्रेष्ठ, अन्जु बोहरा राउत, असिम श्रेष्ठ निर्वाचित भएका छन् ।




खाँडादेवी जेसीजको विधानअनुसार अध्यक्ष १, कार्यकारिणी उपाध्यक्ष २, उपाध्यक्ष ४ गरि ७ जना निर्वाचित तथा महासचिव, कानुनी सल्लाहकार र कोषाध्यक्ष अध्यक्षबाट मनोनित हुने ब्यवस्था छ । जस अनुसार नवनिर्वाचित अध्यक्षले वर्ष २०२३ को लागि महासचिवमा सरिता श्रैष्ठ र कोषाध्यक्षमा सुदिप श्रेष्ठलाई मनोनित भएका छन् ।

खाँडादेवी जेसीज वर्ष २०२२ की अध्यक्ष जेसी सम्झना श्रेष्ठको अध्यक्षता, खाँडादेवी गाउँपालिका उपाध्यक्ष रमा घिसिङको प्रमुख आतिथ्यताको समुद्घाटन उक्त अधिवेशनमा विशेष अतिथीमा मातृत्व शाखा काठमाडौँ जेसीजको वर्ष २०१८ की अध्यक्ष जेसीआई सिनेटर इनु थापा र संस्थापक अध्यक्ष होमराज श्रेष्ठको उपस्थिती रहेको थियो । अधिवेशन उद्घाटन समारोहमा प्रमखु अतिथी घिसिङले युवाहरुको नेतृत्व व्यक्तित्व सँगै सामाजिक काममा गर्दै खाँगादेवी जेसीजले उदहरणीय कामहरु गर्दै आएको खुसी व्यक्त गर्नुभयो ।

वर्ष २०२३ को पदाधिकारीहरुः

अध्यक्ष : जेसी बिनोद कुमार श्रेष्ठ
कार्यकारिणी उपाध्यक्ष : जेसी रामकुमार श्रेष्ठ
कार्यकारिणी उपाध्यक्ष : जेसी बिपिन श्रेष्ठ
महासचिव : जेसी सरिता श्रेष्ठ
कोषाध्यक्ष : जेसी सुदिप श्रेष्ठ
उपाध्यक्ष : जेसी तेजकुमार श्रेष्ठ
उपाध्यक्ष : जेसी मन्दिरा श्रेष्ठ
उपाध्यक्ष : जेसी अन्जु बोहरा राउत
उपाध्यक्ष : जेसी असीम श्रेष्ठ
सह सचिव : जेसी बिन्देश्वर श्रेष्ठ
सह कोषाध्यक्ष : जेसी प्रेम श्रेष्ठ
तालिम संयोजक : जेसी दिपक राउत
शाखा संयोजक : जेसी सन्दिप श्रेष्ठ

# एनसीसी बैंकको विशेष साधारणसभा सम्पन्न

काठमाडौं। नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको विशेष साधारण सभा २५ गते अनमोल ब्याङ्क्वेट, शंखमुल काठमाडौंमा बैंकको सञ्चालक समितिका





अध्यक्ष उपेन्द्र केशरी न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको छ।

विशेष साधारण सभाले एनसीसी बैंक लिमिटेड र कुमारी बैंक लिमिटेड एक आपसमा गाभीने (मर्ज) सम्बन्धमा समितिबाट प्रस्तुत प्रतिवेदन पारित गरेको छ। साथै, बिशेष प्रस्ताव अन्तर्गत नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड र कुमारी बैंक लिमिटेड एक आपसमा गाभिने प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ताबाट प्राप्त चल/अचल सम्पत्ति तथा कारोबारको मुल्याङ्कन प्रतिवेदनको आधारमा निर्धारण गरी प्रस्ताव गरिएको शेयर स्वाप अनुपात १:१ पारित गरेको छ।

एक आपसमा गाभिने प्रयोजनका लागि भएको मर्जर सम्बन्धी समभ्रूदारी पत्र, संयुक्त मर्जर समिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्न सञ्चालक समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गरेको बैकले साधारणसभापछि जारी गरेको विज्ञप्तिमा उल्लेख छ। एक आपसमा गाभिने सम्वन्धमा नेपाल राष्ट्र बैंक र अन्य निकायहरुबाट कुनै निर्देशन प्राप्त भएमा सो निर्देशनको कार्यान्वयन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव समेत अनुमोदन उल्लेख छ। नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड हाल ७ वटै प्रदेशमा गरी जम्मा १५६ शाखा, १५ एक्टेन्सन काउण्टर र १४४ एटिएम मार्फत आफ्ना ग्राहकहरुलाई गुणस्तरिय सेवा प्रदान गर्दै आएको छ।

# सानिमा बैंकको दराज १२.१२ योजनाका लागि दराजसँग सहकार्य

सानिमा बैंकले ग्राहकहरुका लागि दराजसंग 'दराज १२.१२' योजनामा विशेष छुट दिने सहकार्य भएको छ। योजना अवधिभर ग्राहकहरुले दराजबाट सामान खरिद गर्दा सानिमा बैंकको डेबिट वा क्रेडिट कार्डबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन्। ग्राहकहरुले डेबिट कार्डबाट भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम रु. एक हजारसम्मको छुट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा १२ प्रतिशत वा अधिकतम् रु १ हजार २१२ सम्मको छुट प्राप्त गर्न सक्नेछन्। यो योजनामा सिमित छुट मात्र उपलब्ध हुने भएकोले छुट प्रदान गर्दा पहिलोलाई प्राथमिकता दिइने कम्पनीले जनाएको छ। छुटका लागि ग्राहकहरूले दराजको एप वा वेबसाइटबाट लगईन गरी दिउँसो २ देखि ३ बजेसम्म बैंक




भौचर सङ्कलन गरी खरीद गर्नुपर्नेछ। यसैगरी क्रेडिट कार्ड प्रयोगकर्ताहरुले मासिक किस्ताबन्दी (ईएमआई) सुविधा पनि प्राप्त गर्न सकिनेछ। यो योजना २०७९ मंसिर २६ देखि पुस ३ गतेसम्म ७ दिनका लागि लागू हुनेछ। सानिमा बैंकको देशका सातै प्रदेशमा १३० वटा कार्यालय तथा १२३ वटा ए.टि.एम. संचालनमा रहेका छन्। साथै, सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ एप प्रयोग गर्दा विभिन्न अस्पताल, सपिङ आउटलेट होटेल, रेष्टुरेन्ट आदिमा विशेष छुटको व्यवस्था रहेको छ।

# माछापुच्छे बैंकका अध्यक्ष महतोद्धारा सपथ ग्रहण

माछापुच्छे बैंक लिमिटेडका नवनियुक्त अध्यक्ष डा.उपेन्द्र महतोले पद तथा गोपनियताको सपथ लिएका छन्। उनले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद



अधिकारीबाट सपथ ग्रहण गरेका हुन्। उक्त सपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटि गभर्नरहरु, कार्यकारी निर्देशकहरु तथा अन्य पदाधिकारीका साथै माछापुच्छे बैंक सञ्चालक समिति सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत लगायतको उपस्थिति रहेको थियो। माछापुच्छे बैंकको मंसिर १२ गते बसेको ४७२ औ संचालक समितिको बैंठकले डा.उपेन्द्र महतोलाई संचालक समितिको अध्यक्षमा चयन गरेको थियो। राष्ट्रिय एंव अर्न्तराष्ट्रिय स्तरमा सफल उद्यमीको छवि बनाइसकेका भएका डा.महतो गैर आवासीय नेपाली संघका संस्थापक अध्यक्षसमेत हुन्।

# बैंक अफ काठमाण्डू लिमिटेडको २८औं वार्षिक साधारण सभा सम्पन्न

बैंक अफ काठमाण्डू लिमिटेडको आफ्नो २८औं वार्षिक साधारण सभा शुक्रबार त्रिभुवन आर्मी अफिसर्स क्लब, टुडिखेल, काठमाडौंमा बैंकको सञ्चालक समितिका अध्यक्ष प्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो। साधारण सभाले समितिको प्रतिवेदन पारित गरेको छ। उक्त सभाले नेपाल राष्ट्र बैंकको निर्देशानुसार तयार गरिएको वित्तीय विवरणहरु पनि स्वीकृत गरेको छ। सभाले २०७८/७९ सम्मको संचित मुनाफाबाट २०७९ आषाढ मसान्तसम्ममा बैंकको कायम भएको चुक्ता पूँजीको ६ प्रतिशतका दरले बोनस शेयर र चुक्ता पूँजीको १४.९५ प्रतिशतका दरले नगद लाभांश (लाभांशमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव पनि सर्वसम्मतिबाट पारित गरेको छ। साथै, विशेष प्रस्तावहरु अर्न्तगत बैंक अफ काठमाण्डू लिमिटेड र ग्लोबल आइएमई बैंक लिमिटेड एक




आपसमा गाभ्ने तथा गाभिने प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गरी मूल्याङ्कनकर्ताको सिफारिस गरेको शेयर स्वाप अनुपात १:१ मा रहि मर्जर सम्बन्धि विषयमा संचालक समितिबाट भएका निर्णयहरु सम्बन्धमा सम्पूर्ण प्रस्तावहरु उक्त सभाले पारित गरेको छ। बैंकले हाल १०४ शाखा कार्यालयहरु, ९४ एटिएम र १० एक्स्टेन्सन काउन्टर मार्फत आफ्ना ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको छ।

# ज्योति विकास बैंकद्वारा अस्पताललाई बेबी वार्मर प्रदान

ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत बाक्सिला स्वास्थ्य चौकी-खोटाङ, ओखलढुंगा सामुदायिक अस्पताल र जिल्ला अस्पताल-इलामलाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर प्रदान गरेको छ।

बैंकले यी विभिन्न अस्पतालहरुलाई नवजात शिशुको शारिरिक तापक्रम




उचित राख्न प्रयोग हुने बेबी वार्मर प्रदान गरेको हो। अस्पतालहरुमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका विभिन्न पदाधिकारीहरुबाट बाक्सिला स्वास्थ्य चौकी, ओखलढुंगा सामुदायिक अस्पताल र इलाम जिल्ला अस्पतालका पदाधिकारीहरु लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरुको उपस्थितिका बीच सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको हो। साथै सोही कार्यक्रमका बीच अस्पतालका डाक्टर, नर्स लगायत विभिन्न सम्बन्धित कर्मचारीहरुलाई बेबी वार्मर सञ्चालन सम्बन्धी विशेष तालिम पनि प्रदान गराइएको थियो। बैंकले डा. महाविर पुनद्वारा प्रवर्द्धित राष्ट्रिय आविष्कार केन्द्रसँगको सहकार्यमा पछिल्लो २ वर्षमा देशका २३ विभिन्न अस्पतालहरुलाई बेबी वार्मर प्रदान गरिसकेको छ र यस वर्ष थप १० वटा बेबी वार्मर प्रदान गर्दैछ।

# कुमारी र एनसीसी बैंक मर्ज प्रस्ताव पारित

कुमारी बैंकको विशेष साधारण सभा सम्पन्न भएको छ। सम्पन्न साधारणसभाले एनसीसी बैंकसँग मर्ज हुने प्रस्ताव पारित गरेको छ। सभाले विशेष प्रस्तावको रुपमा पेश गरिएको कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा गरिएको अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पूरा गरी नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडसँग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने, मर्जर सम्बन्धी समभ्रूदारी पत्र, संयुक्त मर्जर समिति गठन, दुवै संस्थाको सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न सञ्चालक समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिकका सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने, एक आपसमा गाभ्ने/गाभिने (मर्ज) प्रयोजनका लागि मूल्यांकनकर्ताबाट प्राप्त चल/अचल सम्पत्ति तथा कारोबारको मूल्यांकन प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ स्वीकृत गर्ने प्रस्ताव पारित गरेको छ। त्यस्तै एक आपसमा गाभिए पछि बन्ने संस्था कुमारी बैंक लिमिटेडको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही अनुसार पूँजी वृद्धि गरी वृद्धि भएको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी अनुसार प्रवन्धपत्रको दफा ५ (क), ५ (ख) र ५ (ग) संशोधन गर्ने तथा नियमावलीको नियम ८ मा सञ्चालक संख्या ७ जना हुने गरी र नियम २९ मा सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव समेत पारीत गरेको छ। कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्ज) सम्पन्न भए पश्चात चुक्ता पूँजी २६ अर्ब रुपैयाँभन्दा बढी हुने छ भने शाखा संख्या ३५५, ए. टी. एम. संख्या २४४, एक्स्टेन्सन काउन्टर संख्या ५१, निक्षेप (ग्राहक) ३ खर्ब १ अर्बभन्दा बढी, कर्जा २ खर्ब ७८ अर्ब भन्दा बढी हुनेछ।

## अर्थ संसार

# ग्लोबल आइएमई बैंकको १६ औं वार्षिक साधारण सभा सम्पन्न

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने र गाभिने (मर्जर) सम्बन्धी अन्तिम स्वीकृति प्रदान गर्दै ग्लोबल आइएमई बैंकको १६औं वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ। साधारणसभाले ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्र्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी सर्वसम्मतरुपमा पारित गरेको हो।

साधारणसभाले ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि मुल्याङ्कन कर्ताबाट प्राप्त चल/अचल सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (डीडीए) का आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात १:१ स्वीकृत गरेको छ।

ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेड गाभ्ने गाभिने (मर्जर) सम्बन्धी सम्झौतापत्र स्वीकृत गर्ने तथा मर्जर सम्बन्धी अन्य प्रकृया पुरा भइसकेको छ। साथै, साधारणसभाले बैकको अधिकृत पु'जी २५ अर्ब रुपैयाँलाई वृद्धि गरी ५० अर्ब रुपैयाँ पुर्याउने प्रस्तावलाई समेत पारित गरेको छ। साधारणसभाले सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण पारित गर्नुका साथै आर्थिक वर्ष २०७८/७९ को कुल मुनाफाबाट बैंकले आफ्ना शेयर धनीहरुलाई प्रस्ताव गरेको ३ प्रतिशत बोनश शेयर र १०.६ प्रतिशत नगद लाभांश गरी जम्मा १३.६ प्रतिशत लाभांश दिने प्रस्तावलाई पारित गरेको छ।

बैंकले आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन मुनाफा ७ अर्ब १८ करोड रुपैयाँ र कर पछिको मुनाफा ४ अर्ब ९५ करोड रुपैयाँ आर्जन गरेको थियो।




प्रस्तावित बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी २४ अर्ब ५० करोड रुपैयाँ पुग्नेछ।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै बैंकका अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकद्वारा घोषित नीतिहरुको परिपालना गर्दै आफ्ना शेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न कटिबद्ध रहेको बताउनुभयो।

उहाँले बैंकले आगामि दिनमा आफ्नो व्यावसायिक रणनीतिक योजना अनुरुप व्यवसाय विस्तारका अन्य क्षेत्रमा समेत सन्तुलित वृद्धि गर्दै जाने बताउनुभयो। यसका साथसाथै, अध्यक्ष ढकालले शेयरधनीको आकांक्षाअनुरुप आगामी दिनमा उच्च लाभांश प्रदान गर्न बैंक प्रयासरत रहेको समेत बताउनुभयो। आर्थिक वर्ष २०७८/७९ मा बैंकको खुद व्याज आम्दानी तर्फ गत वर्ष भन्दा १ अर्ब १५ करोड रुपैयाँले बृद्धि भएको छ। बैंकको खुद मुनाफामा गत बर्षको तुलनामा १२.५९ प्रतिशतले वृद्धि भई ४ अर्ब ९५ करोड रुपैयाँ कायम भएको छ। हाल बैंकले २ खर्ब ८९ अर्ब रुपैयाँ भन्दा बढी निक्षेप संकलन गर्नुका साथै २ खर्ब ७३ अर्ब रुपैयाँभन्दा बढी कर्जा लगानी गरेको छ। ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। देशका ७७ वटै जिल्लामा २९२ शाखा सञ्जाल तथा ३ अन्तर्राष्ट्रिय सम्पर्क कार्यालय सहित ८९० भन्दा बढि सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकमा ३ हजार भन्दा बढी कर्मचारीहरु कार्यरत रहेका छन्। बैंकले करिब ३० लाख ग्राहकलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आएको छ।

# सिद्धार्थ बैंकको लाभांश घोषणा

सिद्धार्थ बैंकले आर्थिक वर्ष २०७८/०७९ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरूलाई लाभांश दिने घोषणा गरेको छ। बैंकको सञ्चालक समितिको बैठकले १२.५० प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.६६ प्रतिशत नगद गरी कुल १३.१६ प्रतिशत लाभांश दिने निर्णय गरेको हो। प्रस्तावित




उक्त लाभांश नियामक निकाय नेपाल राष्ट्र बैंकको स्वीकृति पछि बैंकको आगामी वार्षिक साधारण सभाले पारित गरेपछि सेयरधनीहरूले पाउनेछन्। हाल बैंकको चुक्ता पुँजी १२ अर्ब ५२ करोड ४४ लाख २६ हजार ८३१ रुपैयाँ रहेको छ। सोही पुँजीको आधारमा कम्पनीले लाभांश दिन लागेको हो। गत वर्ष बैंकले १४.२५ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.७५ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश वितरण गरेको थियो।

# त्रिशंकु संसद्मा सरकार गठन

**गान्धी पण्डित**

संसदीय निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न नसकेकाले कुनै एउटाले नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम एकलौटी सरकार गठन गर्ने अवस्था देखिँदैन। त्यसैले यो संसद् त्रिशंकु बन्न पुगेको छ।

त्रिशंकु संसद् अनपेक्षित रूपमा स्वतः नभई नेपाली कांग्रेस, माओवादी केन्द्र एवं एकीकृत समाजवादी पार्टीले गठबन्धन गरी निर्वाचनमा भाग लिएका कारण नै बन्न पुगेको हो। त्रिशंकु संसद्मा संविधानको धारा ७६ ले सरकार गठनका लागि कस्तो संवैधानिक व्यवस्था गरेको छ, त्यसबारे यस आलेखमा विश्लेषण गर्न खोजिएको छ।

दलीय समर्थनमा सरकारको गठन : संविधानको धारा ७६(१) मा राष्टूपतिले प्रतिनिधिसभामा बहुमतप्राप्त पार्टीको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ। यदि संसद्मा कुनै दलको बहुमत आउन सकेन भने उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गरी सरकार गठन गर्न सकिन्छ। जसरी उपधारा (१) बमोजिम प्रधानमन्त्री नियुक्त हुनका लागि कुनै पार्टीको संसदीय दलको नेता हुनुपर्छ, त्यसरी नै उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुने व्यक्ति कुनै संसदीय दलको नेता हुनु जरुरी पर्दैन, केवल दुई वा दुईभन्दा बढी दलको बहुमतको समर्थन पाउन आवश्यक पर्छ। उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।

बढी सांसद भएको दलको सरकार : उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकी हट्नुपरेमा वा बहुमतको सरकार गठन हुन नसकेमा उपधारा (३) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको पार्टीको संसदीय दलको नेता प्रधानमन्त्री हुन सक्छ। त्यसरी नियुक्त प्रधानमन्त्रीले पनि उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।

विश्वासको मत प्राप्त गर्न सक्ने जुनसुकै सांसदको सरकार : उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकी हट्नुपरेमा उपधारा (५) मा प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने व्यक्ति प्रधानमन्त्री हुन सक्ने व्यवस्था छ। त्यसरी नियुक्त प्रधानमन्त्रीले पनि उपधारा (६) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।

मध्यावधि चुनाव : उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले पनि प्रतिनिधिसभाबाट विश्वासको मत पाउन नसके उसैले प्रतिनिधिसभा विघटनका लागि सिफारिस गर्नुपर्ने हुन्छ। सो सिफारिसपछि रार्ष्टूपतिले प्रतिनिधिसभा विघटन गरेर ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन हुने गरी मिति तोक्नुपर्छ।

प्रधानमन्त्री नियुक्तिका सम्बन्धमा धारा ७६ को विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने, उपधारा (१) र (३) अनुसार कुनै दलको संसदीय नेता मात्र प्रधानमन्त्रीमा नियुक्ति हुन पाउँछ भने उपधारा (२) र (५) बमोजिम संसदीय नेता नभएको कुनै पनि प्रतिनिधिसभा सदस्य प्रधानमन्त्री बन्न सक्छ। त्यसरी प्रतिनिधिसभा सदस्यका हैसियतले प्रधानमन्त्रीमा नियुक्ति हुन उपधारा (२) अनुसार दलीय समर्थनको आवश्यकता पर्छ भने उपधारा (५) बमोजिम प्रतिनिधिसभा सदस्यहरूको व्यक्तिगत समर्थनका आधारमा पनि सम्भव हुन्छ। उपधारा (५) बमोजिम कुनै पनि प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा गरिने मतदानमा ह्वीप लाग्दैन।

सिद्धान्ततः नेपानको संविधानले एक पटक प्रतिनिधिसभाको निर्वाचनपछि कम्तीमा दुई वर्षसम्म एक व्यक्ति मात्र प्रधानमन्त्रीमा रहन सकोस् भनी परिकल्पना गरेको छ। त्यसैले संविधानको धारा १०० को उपधारा (४) मा प्रधानमन्त्रीमा नियुक्त भएको मितिले दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन भनेको छ। तर, त्यस्तो व्यवस्था हुँदाहुँदै पनि उपदफा (२), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) र (६) बमोजिम विश्वासको मत प्राप्त गर्न सकेन भने, स्थायी सरकार दिन नसकेकामा प्रतिनिधिसभा विघटन गरी मध्यावधि चुनाव गर्नुपर्ने हुन्छ।

विश्वासको मत र अविश्वासको प्रस्ताव : संविधानको धारा ७६ मा विश्वासको मत र धारा १०० मा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था छ। धारा ७६ को व्यवस्था अनुसार, प्रतिनिधिसभामा बहुमतप्राप्त पार्टीको संसदीय दलको नेताका आधारमा नियुक्तबाहेक उपधारा (२), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको मितिले ३० दिनभित्र संसद्बाट विश्वासको मत लिनुपर्ने हुन्छ। धारा १०० को उपधारा (२) अनुसार प्रधानमन्त्रीले आफूले प्रतिनिधित्व गरेको दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ।

संविधानको धारा १०० को उपधारा (४) मा अविश्वासको प्रस्ताव दर्ता कसरी गर्न सकिन्छ भन्नेबारे व्यवस्था छ। उपधारा (४) मा प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यमध्ये एकचौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सकिने भनिएको छ। उपदफा (६) मा उपधारा (४) बमोजिम पेस भएको अविश्वासको प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यसंख्याको बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने व्यवस्था छ।

तर उपदफा (४) मा भनिएको छ( प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिनेछैन। यस उपदफाले धारा ७६ का उपधारा (१), (२), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले संसद्बाट एक पटक विश्वासको मत प्राप्त गरिसकेपछि ऊविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नमिल्ने भनी निषेध गरेको छ। सामान्य रूपमा हेर्दा, एक पटक नियुक्त भई संसद्मा विश्वासको मत प्राप्त गरेको प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नमिल्ने भन्ने देखिए पनि उक्त व्यवस्थाको एउटा अपवाद छ; त्यो हो धारा ७६(२)। धारा ७६ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गरी नियुक्त प्रधानमन्त्रीका हकमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नसकिने भए पनि धारा १०० को उपधारा (२) बमोजिम कुनै एक दलले आफ्नो समर्थन फिर्ता लिएमा त्यस्तो प्रधानमन्त्रीले उपधारा (३) बमोजिम संसद्बाट विश्वासको मत लिन सक्नुपर्ने र लिन नसकेमा पदबाट मुक्त हुने संवैधानिक व्यवस्था छ। त्यसैले धारा ७६ को उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीको पद कुनै पनि बेला समाप्त हुन सक्ने हुँदा यस व्यवस्था अनुरूप गठन हुने सरकार अस्थिर सरकार हुन्छ।

त्यसबाहेक धारा ७६ का उपधारा (१), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले एक पटक विश्वासको मत प्राप्त गरेपछि ऊविरुद्ध धारा १०० को उपधारा (४) बमोजिम दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नमिल्ने स्पष्ट व्यवस्था छ। यस अर्थमा धारा ७६ को उपधारा (२) भन्दा उपदफा (१), (३) र (५) बमोजिम गठन हुने सरकार बढी स्थिर हुन्छ।

धारा ७६(२) बमोजिम सरकार गठन : धारा ७६ को उपधारा (२) बमोजिम सरकार गठन गर्न दलीय समर्थनबिना सम्भव छैन। उक्त धारामा दलीय समर्थनको आवश्यकता पर्ने हुँदा कुनै दलमा आबद्ध नभएका स्वतन्त्र सांसदको समर्थनमा सरकार गठनका लागि दाबी गर्न मिल्ने देखिँदैन, दलीय समर्थन नै आवश्यक पर्छ। उपधारा (३) र (५) बमोजिम सरकार गठन गर्दा भने दलीय समर्थनको आवश्यकता पर्दैन।

संसदीय दलको नेता नभए पनि सरकार गठन : धारा ७६ का उपधारा (१) र (३) बमोजिम बहुमतप्राप्त पार्टीको संसदीय दलको नेताले मात्र सरकार गठन गर्न पाउँछ। उपधारा (२) र (५) बमोजिम संसदीय दलको नेता नभए पनि कुनै सांसदले अन्य बहुमत सांसदको समर्थन भएमा समेत सरकार गठन गर्न पाउने धारा ७६ को उपधारा (५) ले व्यवस्था गरेको छ। त्यसैले नेपाली कांग्रेसका गगन थापा वा अन्य स्वतन्त्र सांसद दलको नेता नभए पनि अन्य बहुमत सांसदको समर्थनमा प्रधानमन्त्री बन्न सक्छन।

नेपाली कांग्रेस र माओवादीमध्ये कसलाई सहज : प्रतिनिधिसभामा अहिले कुनै पनि दलले बहुमत ल्याउन सकेको छैन। त्यस अवस्थामा संविधानको धारा ७६ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठन गर्नुपर्छ। संसद्मा कांग्रेसका ८९ जना तथा माओवादीका केवल ३२ जना सांसद भएकाले माओवादीका तुलनामा नेपाली कांग्रेसलाई सरकार गठन गर्न सहज देखिन्छ। नेपाली कांग्रेस र माओवादीले गठबन्धन बनाई निर्वाचनमा भाग लिएका भए पनि कसले पहिले सरकारको नेतृत्व गर्ने भन्ने विषयमा सहमति हुन सकिरहेको छैन। माओवादीले प्रधानमन्त्री पद आफूले लिने र राष्ट्रपतिको पद कांग्रेसलाई दिने प्रस्ताव गरेको छ भने कांग्रेसले प्रधानमन्त्री र राष्ट्रपति दुइटै आफैंले पाउनुपर्ने र दुई वर्षपछि प्रधानमन्त्री पद माओवादीलाई दिने भनेको छ। धारा ७६ का सन्दर्भमा, रणनीतिक रूपमा कांग्रेसले माओवादीलाई प्रधानमन्त्री पद दिएर राष्ट्रपतिको पद आफूले लिएर सरकार गठन गराउन सक्छ। कुनै कारणवश कांग्रेसबाहेक कुनै दलले माओवादीको सरकारलाई दिएको समर्थन संविधानको धारा १०० को उपधारा (२) बमोजिम फिर्ता लिएमा माओवादी सरकारले उपधारा (२) बमोजिम संसद्बाट विश्वासको लिन सक्नुपर्छ, लिन नसकेमा उपधारा (३) बमोजिम माओवादी सरकार ढल्नेछ र धारा ७६ को उपधारा (३) बमोजिम कांग्रेसले स्वतः सरकार गठन गर्न पाउँछ। यसबाट कांग्रेसले सरकार र राष्ट्रपति दुइटै पद आफैंले पाउन सक्छ। यो विकल्पलाई पनि कांग्रेसले अनुसरण गर्न सक्ने सम्भावना छ।

पण्डित वरिष्ठ अधिवक्ता हुन। कान्तिपुर

दलीय समर्थनमा सरकारको गठन : संविधानको धारा ७६(१) मा राष्टूपतिले प्रतिनिधिसभामा बहुमतप्राप्त पार्टीको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ। यदि संसद्मा कुनै दलको बहुमत आउन सकेन भने उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गरी सरकार गठन गर्न सकिन्छ। जसरी उपधारा (१) बमोजिम प्रधानमन्त्री नियुक्त हुनका लागि कुनै पार्टीको संसदीय दलको नेता हुनुपर्छ, त्यसरी नै उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुने व्यक्ति कुनै संसदीय दलको नेता हुनु जरुरी पर्दैन, केवल दुई वा दुईभन्दा बढी दलको बहुमतको समर्थन पाउन आवश्यक पर्छ। उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।

बढी सांसद भएको दलको सरकार : उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकी हट्नुपरेमा वा बहुमतको सरकार गठन हुन नसकेमा उपधारा (३) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको पार्टीको संसदीय दलको नेता प्रधानमन्त्री हुन सक्छ। त्यसरी नियुक्त प्रधानमन्त्रीले पनि उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ।

# जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कञ्चनपुर। १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बेलौरी नगरपालिका २ भौसडी बस्ने ३७ वर्षीय सादु राम राना, ३३ वर्षीय हरि शंकर वोट र २० वर्षीय दिपक वोटलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ। सादु राम रानाले ती किशोरीलाई गत भाद्र महिनामा ललाई फकाई सोही ठाउँस्थित उखुवारीमा र हरि शंकर तथा दिपकले गत असोज महिनामा सोही ठाउँस्थित आँपबारीमा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

१७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा गुल्मीको मुसिकोट नगरपालिका १ पखेरा बस्ने २१ वर्षीय दिपेन्द्र बिकलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। दिपेन्द्रले ती किशोरीलाई शुक्रबार बिहान जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी पौदिअमराईबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# खेलकुद

## धारा नेपालगञ्ज म्याराथनको उपाधि खड्कालाई

बाँके - आठौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका खड्गबहादुर खड्काले जितेका छन्। नेपालगञ्जमा भएको म्याराथनमा खड्काले निर्धारित दूरी दुई घण्टा २० मिनेट २८ सेकेन्डमा पूरा गर्दै उपाधि हात पारेका हुन्। म्याराथनमा दोस्रो र तेस्रो आर्मीकै क्रमशः नरेन्द्रसिंह रावत र मोहनदेव जोशी भए। रावतले निर्धारित दूरी दुई घण्टा २२ मिनेट २९ सेकेन्डमा तथा जोशीले दुई घण्टा २४ मिनेट ३६ सकेन्डमा पूरा गरे। यसअघि सातौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि एपीएफ क्लबका किरणसिंह विष्टले जितेका थिए। उपाधि विजेता खड्काले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरे। दोस्रो भएका रावतले रु ६० हजार र तेस्रो भएका जोशीले ३० हजार रपैयाँ पुरस्कार प्राप्त




गरे। यस्तै आठौं संस्करणकै महिला हाफ म्याराथनको उपाधि बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले जितिन्। उनी सातौं संस्करणकी समेत च्याम्पियन हुन्। उनले निर्धारित दूरी एक घण्टा १६ मिनेट ४१ सकेन्डमा पूरा गर्दै रु ६० हजार पुरस्कार प्राप्त गरिन्। यस्तै सो म्याराथनमा दोस्रो भएकी अञ्जली चौहानले निर्धारित दूरी एक घण्टा २५ मिनेट १५ सकेन्डमा पूरा गरिन् भने तेस्रो भएकी अञ्जु खड्काले एक घण्टा ३६ मिनेट ४४ सेकेन्डमा पूरा गरिन्। दुवैजनाले क्रमशः ३० हजार र १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको आयोजक क्रियटिभ ह्याण्ड्सका अध्यक्ष एवं नेपालगञ्ज म्याराथनका संस्थापक टिएस ठकुरीले जानकारी दिए। हरेक वर्ष मङ्सिर पाँच गते आयोजना गरिँदै आएको म्याराथन यसवर्ष प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका कारण दुई हप्ता पर धकेलिएको ठकुरीले बताए। प्रतियोगिता क्रियटिभ ह्याण्ड्सको आयोजना तथा क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापनमा भएको हो।

## नेपाल टी-२० लिगको नयाँ खेलतालिका सार्वजनिक

नेपाल क्रिकेट संघ (क्यान) ले आधिकारिक रुपमा आयोजना गर्न लागेको नेपाल टी-२० लिगको पहिलो संस्करणको खेल तालिका सार्वजनिक गरेको छ। नयाँ तालिका अनुसार पहिलो खेल काठमाडौं नाइट्स र , पोखरा एभेन्जर्सबीच हुने छ। काठमाडौं गोर्खाजले नाम फिर्ता लिएपछि उसको सट्टामा क्यानले आवद्ध गरेको काठमाडौं नाइट्सले पहिलो खेल खेल्न लागेको हो। ८ पुसमा सुरु हुने र ३४ खेल हुने प्रतियोगिताको फाइनल पुस २६ गते हुने छ। ६ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गर्ने प्रतियोगिताका अन्य टिममा विराटनगर सुपर किंग्स, जनकपुर रोयल्स, लुम्बिनी अल स्टार र फार वेस्टर्न युनाइटेड छन्।

## विश्वकपको सेमिफाइनल र फाइनलमा खेलाउने बल सार्वजनिक

फिफा विश्वकप २०२२ मा सेमिफाइनल र फाइनलमा खेलाउने नयाँ बल सार्वजनिक गरिएको छ। 'अल हिल्म' नामक बल यसपालिको सेमिफाइनल र फाइनलमा खेलाउने बल हो। अल हिल्म एक अरेबिक शब्द हो। जसको अर्थ 'द ड्रिम' अर्थात सपना हो। यो बल समुह चरणमा खेलाइएको बल भन्दा फरक छ। समूह चरणमा 'अल रिहला' अर्थात 'द जर्नी' नामक बल खेलाइएको थियो। यो नयाँ बलमा अल रिहलाको जस्तै प्रविधिको प्रयोग गरिएको छ। जसबाट बलबारे निर्णय लिन निकै सहज हुने गरेको छ। यस पटकको विश्वकपमा बलको पोजिसन थाहा पाउन सेन्सर टेक्नोलोजी जडान गरिएको छ। यो बलले खेलाडीको पोजिसनसमेत थाहा पाइने हुनाले भिडियो एनालिस्टलाई पनि सहज हुने गरेको छ। बल भित्र आईएमयू सेन्सर जडान गरिएको छ।

यो बलमा पनि अल रिहला जस्तै अर्ध स्वचालित अफसाइड सिस्टमलाई जडान गरिएको छ। फिफाका फुटबल टेक्नोलोजी एन्ड इनोभेसनका निर्देशक जोहान्स होल्जमुलर भन्छन्, 'बलमा टेक्नोलोजी जडान गरेर एडिडासले सूचना प्रवाह गर्न र भिडियो म्याच अफिसियललाई पनि डाटा निकाल्न निकै सहज भएको छ। यस प्रकारको बलले मैदानमा अनौठो क्षणको बारेमा पनि जानकारी राख्न सहज भएको छ।' यो बलमा प्रयोग भएको गम पूर्णतया वातावरण मैत्री रहेको पनि उनले बताए। फिफा विश्वकप सेमिफाइनल र फाइनल खेलाउने बलमा प्रयोग भएको मसी र गम पानीमा आधारित रहेर बनाइएको छ। यो बलको डिजाइनमा एक सानो त्रिभुज छ। जसले दोहा वरपरको मरुभूमिलाई संकेत गर्छ। फिफा विश्वकपको ट्रफीको रंग पनि त्यस्तै छ। र कतारको झन्डाको रंगलाई समेत ध्यानमा राखेर यो बलको डिजाइन गरिएको छ। फुटबल एडिडासका प्रबन्धक निक क्रयाग भन्छन्।

# समाज सेवी एवम् शिक्षा सेवी रामशरण लुइटेलको सुक्ष्म चिनारी



**तेज प्रकाश बानियाको कलमवाट**

१ रामशरण लुइटेलको जन्म वि.सं २००४ असार ५ गते, काभ्रे जिल्ला, पाँचखाल न.पा. वडा नं ५ भमरकोट जगतमा भएको हो । बाबु इश्वरीप्रसाद लुइटेल र आमा मान कुमारी लुइटेलका पुत्र रत्नको रूपमा मध्यम वर्गीय कृषक परिवारमा जन्मनु भएका रामशरणको बाल्यकाल माता पिताका साथ घरमैं बित्यो । मध्यम वर्गीय कृषक परिवारमा जन्मनेहरूका लगि सोत्तर, घाँस, दाउरा, गाई वस्तुको स्याहार सम्भार, पालन पोषण, खेतवारीमा बाली नाली लगाउने, गोडमेल गर्ने, टिप्ने,थन्क्याउने आदि मौसम अनुसार घर ब्यबहारमा दैनिक जसो परि आउने कामहरू जन्मसिद्ध सीपको रूपमा जानी आएकै हुन्छ । कसैसँग सिकी रहनु पर्ने हुँदैन र नगरी पनि हुँदैन ।

२. रामशरणले पनि यिनै परिवेशमा पढाइको श्रीगणेश घरबाटै गर्नुभयो । त्यस समयमा हालको जस्तो विद्यालयहरूको यथेष्ट व्यवस्था थिएन । साँवा अक्षर चिनेपछि चण्डी, दुर्गा कवच, कौमदीजस्ता संस्कृत भाषाका विषयबाट अध्ययन अगाडि बढाइन्थ्यो । तर संस्कृत भाषामा अध्ययन गर्न भाषा पाठशाला को आवश्यकता पर्ने हुदा पाँचखाल जोरपाटीमा केही वर्ष अगाडि नै भाषा पाठशाला खुलाइएको थियो । रामशरण पनि त्यही जान थाल्नु भयो । उहाँको उमेर पनि सानै र जोरपाटी घरबाट टाढा भएकोले असजिलो पऱ्यो । त्यहा थोरै समय मात्र पढ्नु भयो ।

३. २००७ सालमा भएको राजनीतिक परिवर्तनको उभार अनुसार २००८ सालमा भमरकोट गाउँमै स्थानीय शिक्षा सेवीहरूको प्रयासबाट चण्डेनीमा श्री गणेश प्राथमिक विद्यालय, भमरकोट र कोट देवी प्राथमिक विद्यालय, जगता, भमरकोट गरी २ वोटा विद्यालय खोलिएछन् । यसरी नजिक नजिक खोलीएका २ विद्यालय मध्ये कोटदेवी विद्यालय त्यसै समयमा बन्द भएछ, चण्डेनीमा खोलीएको श्री गणेश प्रावि चाहिँ स्तरबृद्धि हुँदै गएर हाल माध्यमिक विद्यालयको रूपमा सञ्चालनमा रहेको छ । रामशरणले पनि त्यसै विद्यालयमा अधययन शुरू गर्नुभयो । गाउँमा स्कूल खुलेपनि त्यसको सञ्चालनका लागि सरकारी रकम पर्याप्त नआउने हुँदा गाउँमा उठाइने चन्दा मुठीदान संकलन गरी चलाइन्थ्यो । सक्नेले एउटा शिक्षकलाई बस्ने र खाने ब्यबस्था निशुल्क मिलाउथे । नसक्नेले बस्ने ठाउँ मात्र पनि दिन्थे । रामशरणको परिवारले पनि एक जना शिक्षकलाई केही समय घरमा बस्ने खाने ब्यबस्था मिलाई दिनु भएको थियो ।

४. चण्डी पूणिमाको दिन भमरकोटमा रहेका सबै लुइटेल बन्धुहरू रामशरणको घरनै मूलघर भएकोले त्यहाँ जम्मा भएर केहीपर बारीमा भएको मन्दिरमा कुलपूजा गर्ने चलन थियो । भोलि पूजाको दिन आफू कक्षामा उपस्थित हुन नसक्ने भनी शिक्षक सँग स्वीकृति लिइ घरमा पुजामा बसेर भोलिपल्ट पाठशाला गएको त तिनै बहुली गुरुले तँ हिजो किन स्कूल नआएको भनेर दुवैकान समातेर निकैवेर घुमाएछन् । सारै दुखेर, रामशरण रुनु भएछ । त्यो दिन भरिनै हिक्कहिक्क गरेर बेलुका घर फर्कनु भयो । आफु अन्यायमा परेको महशुस गरी भोलिपल्ट त्यस स्कूलमा जान मात्रु भएन,यही पिडा थप अवसरमा परिणत भयो । उहाँका बा सामान्य किसान भएपनि छोराछोरी पढाउनु पर्छ भने धारणा भएका व्यक्ति हुनुहुन्थो ।

छोराले त्यस विद्यालयमा पढ्न नजाने भनेपछि बालाई चिन्ता लाग्यो र गाउँका जात्रे बुझ्नेको सल्लाह अनुसार १ कोश टाढा जिल्ला सदर मुकाम धुलिखेल स्थित सञ्जीवनी माध्यमिक विद्यालयमा दस वर्षको उमेरमा कक्षा २ मा भर्ना हुनुभयो । जेठो छोरा भएकोले समय अनुसार परि आउने घरको काम समेत मिलाउदै ९ कक्षा सम्म अध्यन गर्नुभयो । ९ कक्षाको वार्षिक नतीजा राम्रो नआएकोले २०२१ सालमा काठमाडौं बसेर पद्मोदय हाइस्कुलबाट २०२२ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । तत्पश्चात पनि अनेकन वाधा व्यवधानले गर्दा कलेजको पढाइमा निरन्तरता दिन पाउनु भएन । कतै काम गर्दै प्राइभेट रूपमा अध्ययन गरी २०३१ सालमा आइए, २०३४ सालमा वीए र २०३७ सालमा संस्कृति विषयमा एमए उत्तीर्ण गर्नुभयो ।



५. समाज सेवालाई सानैदेखि मन पराउने रामशरणले उमेर अनुसार परिआएका सामाजिक काममा पनि सहयोग गर्दै आउनु भयो । तर समाज सेवामै पनि धेरै काम शिक्षाको क्षेत्रमा गर्नुभयो, जसको केही विवरण यसप्रकार छन् । श्री गणेश प्रा.वि चण्डनीमा २०२४/२५ सालमा एक वर्ष अवैतनिक शिक्षण, नेपाल राष्टिूय विद्यापीठमा २०२५ देखि २०२९ सम्म ४ वर्ष शिक्षण एवम् व्यवस्थापनमा संलग्न, आनन्दकुटी विद्यापीठमा, १ वर्ष शिक्षण, काभ्रे वहुमुखी क्याम्पस बनेपामा, २०४०/२०४५ र पुन: २०४८ देखि २०६३ सम्म प्राध्यापन र संचालनमा सहयोग, त्रिभुवन विश्व विद्यालयका क्याम्पसमा २०४५ देखि २०६९सम्म प्राध्यापन, ( २०४५/२०४८ महेन्द्र क्याम्पस धरान, २०४८/२०६९ सरस्वती बहुमुखी क्याम्पस काठमाडौं)मा प्राध्यापन गरी २०६९ मा सरस्वती बहुमुखी क्याम्पसबाट निवृत्त हुनुभयो ।

६ ग्रामीण परिवेशमा एसएलसी उत्तीर्ण भएदेखि नै सहर पस्ने सोच सबैको पलाउछ । तर उहाँले स्नातकोत्तर सम्मको डिग्री हासिल गरेर पनि विभिन कलेजमा प्राध्यापन कार्यमा व्यस्त रहदा पनि उहाँले भमरकोटको वसाई छोड्नु भएन । गाउँमा परि आएका खाने पानी, बिजुली, बाटो, पाटी पौवा,धारो पधेरो आदिको निर्माण जस्ता सामाजिक कार्यहरूमा उहाँको क्रियाशील सक्रियता रह्यो ।

७ गाउँ छिमेक र वरपरका जनतालाई उच्च शिक्षामा सजिलै पहुचका लागि पाँचखालमा एउटा क्याम्पसको धेरै अगाडि देखिको आवश्यकतालाई सफलपार्न स्थानीय शिक्षा प्रेमीहरू सँगको सहकार्यमा क्याम्पस सञ्चालनको स्वीकृति प्राप्त गरी वि. सं. २०६३ मा सर्वमंगला बहुमुखी क्याम्पस स्थापना भयो । उहाँले पहिलो ४ वर्ष २०६३/२०६७ सम्म संस्थापक क्याम्पस प्रमुख भएर निशुल्क सेवा दिनुभयो ।

८ यी त भए पेशागत रूपमा शिक्षा क्षेत्रमा गर्नुभएका कामहरू । यस बाहेक उहाँले समय अनुसार गर्नुभएका विभिन्न क्षेत्रका सबै कार्यहरूको फेहरिस्त उतार्ने हो भने यौटा पुस्तक तयार हुनेछ । तैपनि त्यस्ता सामाजिक क्षेत्रका कामहरूको शीर्षक मात्र भएपनि पाठक सामु, पुऱ्याउने धृष्टता गरेको छु ।

काभ्रे जेसिज बनेपा, नेपाल परिवार नियोजन सङ्घ, काभ्रे शाखा बनेपा,भमरकोटमा विद्युतीकरण, रेडक्रस सोसाइटी, शाखा बनेपा र उप( शाखा भमरकोट, सामाजिक सेवा समिति भमरकोट, सामाजिक संस्था जिल्ला समन्वय समिति काभ्रे, काभ्रे शिक्षा विकास प्रतिष्ठान स्थापना र सो अन्तरगत काभ्रे मा.वि बनेपा र पनौती स्थापना र सञ्चालनमा सामूहिक रुपमा क्रियाशील, भमरकोट खानेपानी आदि छन् । साहित्यको क्षेत्रमा पनि उहाँको संलग्नता बारे भन्नुपर्दा समाज शिक्षा र सेवा पुस्तक लेखन, वि सं २०२३( २०२४ को एक वर्ष प्रज्ञा प्रतिष्ठनमा कामगर्दा माधव प्रसाद घिमिरे, कृष्ण प्रसाद पराजुली, गोपाल प्रसाद वाग्ले जस्ता नेपाली साहित्यका हस्तीहरूसँग बसेर काम गर्दाको अनुभव र मज्जा अर्को छ ।

त्यसै समय देखि प्रेसका समान्य जानकारी, साहित्य लेखन तथा सम्पादन कार्यमा निकै नै ज्ञान आर्जन गर्नुभयो । केही मासिक त्रैमासिक बार्षिक पत्रिकाको सम्पादन फुटकल लेख रचनाहरु प्रकाशन कार्यपत्रहरु प्रस्तुती र पाँचखाल उपत्यका विकासका अवधारणा कार्यपत्र महत्वपूर्ण रहेका छन् ।

९ यसरी बाल्यकाल देखिनै विभिन्न झै झमेला पारगर्दै ७५ वसन्त पार गरी सक्नु भएका रामशरण लुइटेलका हर क्षेत्रमा काम गर्ने जोस जाँगर र हौसलामा कमी आएको छैन । आफ्नो जन्मथलो भमरकोटलाई असाध्य माया गर्ने उहाँले भमरकोटमा रहेको पैतृक सम्पत्तिलाई सम्मान साथ जतन गरी राख्नु भएको छ । बरू फुर्सद भयो किभमरकोट जाने गर्नुहुन्छ । हाल उहाँ केहीवर्ष यतादेखि ठिमी न पा सानो ठिमी, गाघर, भक्तपुरमा परिवारका साथ बस्दै समाज सेवा र साहित्य लेखनमा योगदान पुऱ्याउदै आउनु भएको छ ।

# दोस्रो सुसेली महोत्सवः भव्य रुपमा सप्पन्न

काठमाडौ । राष्ट्रिय सुसेली मञ्च नेपालले यही मंसिर २४ गते शनिबारका दिन दोस्रो सुसेली महोत्सव तथा वनभोज कार्यक्रम सम्पन्न गरेको  छ । गत वर्ष भमरकोटलाई मंगसीर २५ गते सुसेलीको तीर्थस्थल घोषणा गर्दै भमरकोट कोट देवीको दर्शन गरेर पहिलो सुसेली महोत्सव मनाएको सुसेली मञ्चले त्यसैलाई निरंतरता दिदै दोस्रो महोत्सवको आयोजना गरेको सुसेली प्रबन्धक दुर्गा भमरकोटेले जानकारी दिनुभएको हो।

२५ गते बिहान ८ बजे सुरु भएको  महोत्सवमा संस्थाका पदाधिकारी लगाएत ३२ जना कवि साहित्यकारहरूको जमघट रहेको थियो । मञ्चका अध्यक्ष तथा सुसेली प्रवर्दक दुर्गा अधिकारी भमरकोटेको सभापतित्व र मञ्चकी उपाध्यक्ष सुशीला ढकाल अधिकारीको संचालनमा संचालित महोत्सवमा बिहानको चिया नास्ता



लगत्तै सुसेली गाउने, नाच्ने र  रेकर्डिङ गर्ने कार्य आरम्भ भएको थियो । सुसेली मञ्चका महासचिव दामोदर ढकालले कार्यक्रमको बारेमा जानकारी दिदै उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा ढकालले सुसेली संग्रहका सुसेली गाएर भिडियो बनाइ पठाउन अनुरोध गर्दै उत्कृष्ट सुसेली गायन भिडियोलाई रू. ५,०००/- को पुरस्कारको घोषणा गर्नुभयो ।

त्यसपछिको कार्यक्रममा निम्नलिखित कवि साहित्यकार हरुले आ-आफ्ना सुसेली गाएर मनोरञ्जन गराउनु भएको थियो । कृष्ण बहादुर के सी, धरणीधर गुरागाईं, मुरली प्रसाद ढकाल, पुनम घिमिरे, कल्पना भट्टराई, वासुदेव ठकुरी, चन्द्रा न्यौपाने, सुचिता काफ्ले, कृष्ण प्रसाद पौडेल, सुरेशचन्द्र घिमिरे, सीता पाण्डे, शारदा आचार्य, शम्भु गजुरेल, मधुसुदन प्रसाद घिमिरे, विमला ढकाल समिक्षा, शोभा गौतम, ओम कुमारी बञ्जारा, पुष्कर अथक रेग्मी, ललिता दोषी, गीता अर्याल, सानु शर्मा, प्रिया पोखेल, उत्तम विचार भेटुवाल, तिलक भट्टराई र जिज्ञासु पौडेल । दिनको २ बजे वनभोज खाने कार्यक्रम अनुसार सबैजना सरिक भएर करिब एक घण्टामा वनभोजको कार्यक्रम समाप्त भए पश्चात् को नाचगान कार्यक्रम अत्यन्तै मनमोहक रहेको थियो भने पार्कमा उपस्थित जनसमुदायले समेत नाच्ने, गाउने र सुसेली लेख्न र गाउन साथ दिँदै अभ्यास गर्नुभएको थियो । कार्यक्रमका सहभागी अतिथि युवराज नयाँघरेले सुसेलीको लोकप्रियता लोभलाग्दो रहेको र यही हिसाबले अगाडि बढिरहन शुभकामना व्यक्त गर्नुभएको थियो भने सुसेलीको जन्म देखिनै साथ र सहयोग गर्दै आएकोमा आफूलाई गर्व लागेको बताउनु हुँदै अर्का अतिथि तिलकप्रसाद लुइँटेलले आफ्नो ज्यान रहेसम्म सुसेलीको साथ रहने वाचा गर्नुभएको छ । अन्तमा सुसेली महोत्सव सफल बनाइ दिनुभएकोमा सहयोगी र सहभागी सबैमा धन्यवाद दिँदै सभापति भमरकोटेले कार्यक्रमको समापन गर्नुभएको थियो ।

# म्याक्ससका डबल क्याब पिकअप नेपालमा, यस्तो छ मूल्य र फिचर

पारामाउन्ट मोटर्सले नेपाली बजारमा म्याक्सस ब्रान्डका दुई मोडलका पिकअप बिक्री प्रारम्भ गरेको छ । टी६० र टी७० मोडलका यी दुई टी७० ले १४८ एचपी पावर र ३७५ एनएम टर्क जेनेरेट गर्छ ।

यसमा ६- स्पिड गियर बक्स उपलब्ध छ । यो पिकअप फोर ह्वील कार्वन उत्सर्जन प्रविधि पनि राखिएको छ । यस्तै यसमा ७५ लिटर स्टोरेज क्षमता भएको फ्युअल ट्यांकको व्यवस्था गरिएको छ ।

पार्किङ ब्रेक र थ्री प्वाइन्ट सेफ्टी बेल्ट उपलब्ध रहेको छ । एलईडी हेडलाइट, फ्रन्ट र रियर फगल्याम्प, डे-टाइम रनिङ ल्याम्प, अटोमेटिक फ्रन्ट वाइपर



पिकअप कमर्सियल र प्यासेन्जर दुवै कार्यका लागि उपयोग गर्न सकिन्छ ।

चिनिय सवारी निर्माता कम्पनी एसएआईसीले उत्पादन गरेको यो ब्रान्ड अन्तर्गत म्याक्सस टी६० २.८ लिटर र टी७० २.० लिटर ट्रबो डिजेल इन्जिनमा उपलब्ध छन् ।

टी६० ले १४८ एचपी पावर र ३६० एनएम टर्क जेनेरेट गर्छ भने ड्राइभ सुविधा भएको गाडी हो।

दुवै पिकअपमा इको, नर्मल र पावर गरी तीन ड्राइभिङ मोडहरु छन्। यसमा ३१५५ एमएमको ह्वीलबेस छ भने ग्राउन्ड क्लियरेन्स २१५ एमएम रहेको छ ।

टी६० मा २७७६ सीसी र टी७० मा १९९५ सीसी इन्जिन उपलब्ध छ। जसमा युरो ४ सट्यान्डर्डको शुन्य यो ५ सिटर पिकअप हो ।

टी७० डिलक्स भर्सनमा र टी६० लक्जरियस भर्सनमा उपलब्ध छ । गाडीमा हाइड्रोलिक पावर स्टेयरिङ, टिल्ट एडजस्डेबल स्टेयरिङ छ । यसमा क्रुज कन्ट्रोल पनि छ ।

सुरक्षाका लागि यसले ५ स्टार एनक्याप रेटिङ प्राप्त गरेको छ । दुबैमा डिस्क ब्रेक उपलब्ध छ। यस्तै ह्यान्ड जस्ता फिचरहरुको सुविधा छन् ।

म्याक्सस टी७० को मूल्य ६८ लाख ४९ हजार र टी६० को मूल्य ७७ लाख ९९ हजार रुपैयाँ छ ।

# सुजुकी वर्गम्यानमा थपियो नयाँ भर्सन, यस्तो छ मूल्यमा फरक

काठमाडौं । सुजुकी मोटरसाइकल इन्डियाले भारतीय बजारमा अल न्यू वर्गम्यान स्ट्रीट ईएक्स सार्वजनिक गरेको छ । कम्पनीले १ लाख १२ हजार ३०० रुपैयाँ (एक्स शोरुम) मूल्य निर्धारण गरेर नयाँ वर्गम्यान सार्वजनिक गरेको हो ।

यो स्कुटर वर्गम्यान स्ट्रीटको पुरानो भर्सको तुलनामा १९ हजार भारतीय रुपैयाँले महंगो भएको हो । पुरानो भर्सनको मूल्य ८९ हजार ९०० रुपैयाँ रहेको छ । कम्पनीले अल न्यू वर्गम्यान तीन नयाँ कलरमा सार्वजनिक गरेको हो ।



कम्पनीले वर्गम्यान स्ट्रीटको इन्जिनमा नै परिमार्जन गरेको छ । अल न्यू वर्गम्यानमा सुजुकी इको पर्फमेन्स टेक्नोलोजिको एफआई इन्जिन दिएको छ । यसले स्कुटर रोकिएको अवस्थामा आफै इन्जिन बन्द गर्छ । थ्रोटल लिँदा अटोमेटीक स्टार्ट हुन्छ । यो टेक्नोलोजीको प्रयोगले स्कुटरको माइलेज राम्रो हुनुका साथै ट्राफिक लाइटमा सहज हुने कम्पनीको भनाइ छ । यो स्कुटरमा १२ इन्चको अलोय ह्वील दिइएको छ । त्यस्तै कम्पनीले नयाँ वर्गम्यानमा सुजुकि कनेक्ट फिचर दिएको छ जसलाई ब्लुटुथद्धारा कन्ट्रोल गर्न सकिन्छ । यसमा टर्न-वाई-टर्न नेभिगेशन, कल, एसएमएस अर्लट, ह्वाट्सएप अर्लट जस्ता फिचर प्रयोग गर्न सकिन्छ । त्यस्तै यसमा रहेको डिजिटल कन्सोलमा हाइ स्पीड अर्लट, फोन ब्याट्री लेवल नोटिफिकेशन देख्न सकिन्छ । नयाँ वर्गम्यान १२५ मा १२४ सीसी सिंगल सिलिन्डर एफआई इन्जिन दिइएको छ । यसले ८.६ पीएस पावर तथा १० एनएम टर्क जेनेरेट गर्छ । नेपाली बजारमा वर्गम्यान १२५ स्कुटर विक्री भइरहेको छ । सुजुकी मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता कम्पनी भी जी सुजुकिले नयाँ वर्गम्यान स्ट्रीट १२५ इएक्स केहि समयपश्चात नेपाल भित्र्याउन सक्ने सम्भावना रहेको छ । कम्पनीले पछिल्लो सयम नेपाली बजारमा १२५ सीसी स्कुटर सेग्मेन्टमा आक्रामक रणनीति लिएको छ । कम्पनीले ३ महिना अघिदेखि एभेनिस १२५ को विक्री सुरु गरेको छ । त्यस्तै कम्पनीले सुजुकी एसेस १२५ पनि विक्री गर्दै आएको छ ।

# हुन्डाईले नेपाल ल्याउँदै नयाँ भेन्यू, यस्ता छन् परिवर्तन

काठमाडौं । हुन्डाईको आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले आफ्नो सबकम्प्याक्ट एसयूभी भेन्यूको फेसलिफ्ट मोडल नेपाल ल्याउने बाटो खुल्ला भएको छ । यसअघि सरकारले लगाएको आयात प्रतिबन्धको कारण भेन्यू फेसलिफ्ट नेपाल आउन सकेको थिएन । नयाँ हुन्डाई भेन्यूमा धेरै अत्याधुनिक र मार्केट ट्रेन्ड अनुसारको फिचरहरु थप भएर भारतमा विक्री




भइरहेको छ । नयाँ भेन्यू अहिले भारतमा निकै लोकप्रिय सब फोर मिटर एसयूभी हो । सन् २०१९ मा पहिलो पटक बजारमा आएको भेन्यू सुरु देखिनै सफल मोडल मानिन्छ । सन् २०२० मात्रै नेपाल आएको भेन्यू सफल मोडल हो । यस्तोमा यसअघिको तुलनामा फेसलिफ्ट मोडलमा भएका परिवर्तनलाई यहाँ प्रस्तुत गरेका छौं ।

**सुधारिएको हेडलाइट र टेललाइट**

हुन्डाई भेन्यूको सबैभन्दा पहिला देखिने हेडलाइट र टेललाईटमा परिवर्तन गरिएको छ । नयाँ भेन्यूमा स्प्लीट हेडल्याम्प सेटअप दिइएको छ । यसमा नयाँ डिजाइनको एलइडी डिआरएल र टर्न इन्डिकेटर पनि नयाँ डिजाइनको दिएको छ । नयाँ भेन्यूको फ्रन्टभन्दा धेरै रियरमा परिवर्तन देख्न सकिन्छ । यसको टेललाइट अब सिंगल डिजाइनमा आएको छ । दुबैतर्फको टेललाइटलाई एउटा एलइडी लाइटको स्टीपले जोडेको छ । नयाँ प्रयोगले भेन्यूलाई अगाडिबाट मात्र नभई पछाडिबाट पनि आकर्षक देखिएको छ । लाइटका अलावा भेन्यूमा अगाडि र पछाडिको बम्पर, फ्रन्ट ग्रिल तथा अलोय ह्वीलसमेत रि-डिजाइन भएको छ ।

**डिजिटल ड्राइभर डिस्प्ले**

आजकल बजारमा आउने अधिकांश गाडीमा पूर्ण डिजिटल इन्ट्रुमेन्ट क्लस्टर जडान भएका हुन्छन् । यसलाई पछ्याउदै हुन्डाईले पनि नयाँ भेन्यूमा डिजिटल इन्ट्रुमेन्ट क्लष्टर दिएको छ ।

**ड्राइभ मोड**

हुन्डाईले भेन्यूलाई ड्राइभका लागि थप रोमान्चक बनाउन विभिन्न ड्राइभ मोड दिएको छ । भेन्यूको फेसलिफ्ट मोडलमा स्पोर्टस, नर्मल र इको गरी तीनवटा ड्राइभ मोड पाउन सकिन्छ । यो ड्राइभ मोड सेन्टर कन्सोलमा रहेको डायलबाटै छनोट गर्न सकिन्छ ।

**मिलाउन मिल्ने पछाडिको सिट**

अब हुन्डाई भेन्यूमा अगाडि बस्नेले मात्र नभई पछाडि बसेर यात्रा गर्ने यात्रुले समेत आफ्नो सहजता अनुसार सिट मिलाउन सक्नेछन् । यो फिचर सब-कम्प्याक्ट एसयूभीमा पहिलो पटक पाउने भएको हो ।

**पावर एड्जस्टेवल ड्राइभर सिट**

अब भेन्यूलाई ड्राइभ गर्नू अघि चालकले आफ्नो सिट इलेक्ट्रीक पावरवाट सजिलै एट्जस्ट गर्न सक्नेछन् । यो फिचरले नयाँ ड्राइभरलाई सिट एड्जस्ट गर्न सजिलो बनाउनेछ । यसको साथै क्यावीनको स्टाइलीङ समेत रिफ्रेस भएको देखिन्छ ।

**ब्लुलिङ्क कनेक्टीभीटी र अपडेटेड इन्फोटेन्मेन्ट**

नयाँ भेन्यूमा पुरानै ८ इन्चको इन्फोटेन्मेन्ट सिस्टमलाई निरन्तरता दिइएको छ । तर, यसमा साउन्ड अफ नेचर फिचर थप भएको छ । कम्पनीले अब यसमा ब्लुलिङ कनेक्टीभिटी सहित ६० किसिमको कनेक्टेड फिचर दिएको छ ।

**एलेक्सा र गुगल भोइस असिस्ट कनेक्टीभीटी**

नयाँ भेन्यू फेसलिफ्टमा अमेजन एलेक्सा र गुगल भोइस असिस्ट सहितको 'होम टु कार कनेक्टीभिटी' दिएको छ । यसले कन्ट्रोल सेलेक्ट कार फिचर, रिमोट क्लाइमेट कन्ट्रोल, रिमोट डोर लक र अनलक फिचर, रिमोट भेहिकल स्टाटस चेक, फाइन्ड माइ कार, टायर प्रेसर इन्फर्मेसन, फ्यूल लेभल इन्फर्मेसन, स्पीड अलर्ट, टाइम फेन्सीङ अलर्ट, आइडल टाइम अलर्ट जस्ता फिचर थपेको छ ।


धुमपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ । त्यसैले,

धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, कार्यकारी सम्पादक विनोद कार्की, ९८६१५८८४५६,९८६१५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस